# लुम्बिनी प्रदेशको
# आर्थिक गतिविधि अध्ययन

## वार्षिक प्रतिवेदन
(आ.व.२०८१/८२)




लुम्बिनी प्रदेश

## नेपाल राष्ट्र बैंक

## सिद्धार्थनगर कार्यालय
(२०८२ कात्तिक)

# प्राक्कथन

नेपाल राष्ट्र बैंकले देशको वित्तीय स्थिरता कायम राख्न, आर्थिक विकास प्रवर्द्धन गर्न तथा नीति निर्माणलाई तथ्यमा आधारित बनाउन आर्थिक, वित्तीय र मौद्रिक क्षेत्रसँग सम्बन्धित तथ्याकंहरुको संकलन अध्ययन र विश्लेषण गरी विभिन्न अध्ययन प्रतिवेदन प्रकाशन गर्दै आएको छ । यसै क्रममा लुम्बिनी प्रदेशको आर्थिक गतिविधिहरु समेटी सिद्धार्थनगर कार्यालयले आर्थिक वर्ष २०७६/७७ देखि नियमित रुपमा आर्थिक गतिविधि अध्ययन प्रतिवेदन प्रकाशन गर्दै आएको छ ।

लुम्बिनी प्रदेश अन्तर्गतका १२ जिल्लाहरु रुपन्देही, कपिलवस्तु, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), पाल्पा, गुल्मी, अर्घाखाँची, दाङ, बाँके, बर्दिया, रुकुम पूर्व, रोल्पा र प्यूठानमा सम्पन्न आर्थिक सर्वेक्षणबाट प्राप्त प्राथमिक एवम् द्धितीय तथ्याङ्कको प्रशोधन, अध्ययन तथा विश्लेषणबाट प्राप्त नतिजाका आधारमा यो प्रतिवेदन तयार गरि प्रकाशन गरिएको छ । **आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित**) मा भएको व्यवस्था बमोजिम सिद्धार्थनगर कार्यालयले तयार गरेको आर्थिक वर्ष २०८१/८२ को वार्षिक गतिविधि अध्ययन प्रतिवेदनमा लुम्बिनी प्रदेशको कृषि, उद्योग, सेवा, पर्यटन, पूर्वाधार, वित्तीय क्षेत्र लगायतको स्थिति तथा ती क्षेत्रमा देखिएका चुनौती र सम्भावनाका बारेमा समेत संक्षिप्त विश्लेषण गरिएको छ ।

प्रस्तुत प्रतिवेदन तीनै तहका सरकार, निजी क्षेत्र, शोधकर्ता, विद्यार्थी लगायत अन्य सरोकारवाला निकायहरुको लागि उपयोगी सन्दर्भ सामाग्री हुने विश्वास मैले लिएको छु । साथै, लुम्बिनी प्रदेशको समग्र आर्थिक स्थिति बुझ्न, चुनौती र सम्भावनाको पहिचान गर्न तथा प्रदेशस्तरमा नीति तथा योजना निर्माण गर्न समेत यो प्रतिवेदन सहयोगी हुने अपेक्षा लिएको छु । प्रतिवेदन तयार गर्ने क्रममा आवश्यक तथ्याङ्क, जानकारी र सहयोग उपलब्ध गराई सहयोग गर्नुहुने लुम्बिनी प्रदेश अन्तर्गतका मन्त्रालय तथा मातहतका कार्यालयहरु, जिल्लास्थित सरकारी तथा निजी क्षेत्रका कार्यालयहरु, उद्योग, व्यापारिक प्रतिष्ठान एवम् सम्पूर्ण सरोकारवालाहरुप्रति आभार प्रकट गर्दछु ।

यो प्रतिवेदन तयार गर्न संलग्न हुनुहुने आर्थिक अनुसन्धान इकाई सिद्धार्थनगर कार्यालयका उप-निर्देशक श्री माधव राज ढकाल, सहायक निर्देशकहरु श्री निर्मला दाहाल, श्री कृष्ण प्रसाद भट्टराई, प्रधान सहायकहरु श्री पदमराज भुसाल, श्री दीपक गौतम र श्री प्रदिप घिमिरेलाई धन्यवाद ज्ञापन गर्दछु । साथै, तथ्याङ्क संकलन तथा समन्वयका लागि आर्थिक अनुसन्धान इकाई नेपालगञ्ज कार्यालयका उप निर्देशक श्री लभ्ली श्रीवास्तव, सहायक निर्देशकहरु श्री मामराज पाथिक धोवी, ममता रावत, सहायक श्री टिकाराज मानन्धरलाई समेत धन्यवाद ज्ञापन गर्दछु ।

**रमेश आचार्य**
**निर्देशक**
**नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर**

**विषय-सूची**


| शीर्षक | | | पेज नं. |
|---|---|---|---|
| **आवरण पृष्ठ** | | | |
| **प्राक्कथन** | | | (क) |
| **विषय सूची** | | | (ख) |
| **तालिका सूची** | | | (घ) |
| **चार्ट सूची** | | | (ङ) |
| **सारांश** | | | (च) |
| **परिच्छेद १** | **अध्ययन परिचय** | | **१–२** |
| | १.१ | पृष्ठभूमि | १ |
| | १.२ | प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन | १ |
| | १.३ | अध्ययन सीमा | २ |
| | १.४ | अध्ययन प्रतिवेदनको ढाँचा | २ |
| **परिच्छेद २** | **प्रदेशको तुलनात्मक स्थिति** | | **३–७** |
| | २.१ | राष्ट्रिय अर्थतन्त्रमा लुम्बिनी प्रदेशको क्षेत्रगत हिस्सा | ३ |
| | २.२ | अन्तरप्रदेश तुलना | ४ |
| | २.३ | प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती | ६ |
| **परिच्छेद ३** | **कृषि क्षेत्र** | | **८–१४** |
| | ३.१ | कृषि उपजले ढाकेको भू-क्षेत्र | ८ |
| | ३.२ | कृषि उत्पादन | १० |
| | ३.३ | पशुपन्छी तथा माछा उत्पादन | ११ |
| | ३.४ | वनजन्य उत्पादन | १२ |
| | ३.५ | सिँचाइ | १२ |
| | ३.६ | क्षेत्रगत कृषि कर्जा | १३ |
| | ३.७ | कृषि क्षेत्रका चुनौती र सम्भावना | १३ |
| **परिच्छेद ४** | **उद्योग क्षेत्र** | | **१५–१८** |
| | ४.१ | उद्योगको क्षमता उपयोग, उत्पादन तथा रोजगारी | १५ |
| | ४.२ | क्षेत्रगत औद्योगिक कर्जा | १७ |
| | ४.३ | औद्योगिक क्षेत्रको चुनौती र सम्भावना | १७ |
| **परिच्छेद ५** | **सेवा क्षेत्र** | | **१९–२७** |
| | ५.१ | पर्यटन | १९ |
| | ५.२ | सार्वजनिक निर्माण तथा रियलस्टेट | १९ |
| | ५.३ | वित्तीय सेवा | २० |
| | ५.४ | यातायात तथा सञ्चार | २२ |
| | ५.५ | शिक्षा तथा स्वास्थ्य सेवा | २३ |
| | ५.६ | परिवर्त्य विदेशी तथा भारतीय मुद्रा खरिद/बिक्री | २४ |
| | ५.७ | मनिचेञ्जर तथा विदेशी मुद्रा सटही एजेन्सी | २५ |
| | ५.८ | सेवा क्षेत्र कर्जा | २५ |
| | ५.९ | सहकारी | २५ |
| | ५.१० | सेवा क्षेत्रको चुनौती र सम्भावना | २६ |

| | | | |
|---|---|---|---|
| **परिच्छेद ६** | **पूर्वाधार र रोजगारी** | | **२८–३२** |
| | ६.१ | पूर्वाधार क्षेत्र | २८ |
| | ६.२ | पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना | ३० |
| | ६.३ | रोजगारी | ३० |
| | ६.४ | रोजगारीका चुनौती र सम्भावना | ३१ |
| **परिच्छेद ७** | **प्रादेशिक कार्यक्रम तथा योजना** | | **३३–३५** |
| | ७.१ | कार्यक्रम तथा परियोजनाको कार्यान्वयन | ३३ |
| | ७.२ | स्थानीय तहको बजेटको प्रगति अवस्था | ३४ |
| **परिच्छेद ८** | **आर्थिक परिदृष्य** | | **३६–३६** |
| | ८.१ | कृषि उत्पादन | ३६ |
| | ८.२ | औद्योगिक उत्पादन | ३६ |
| | ८.३ | सेवा क्षेत्र | ३६ |
| | ८.४ | पूर्वाधार क्षेत्र | ३६ |

## तालिका-सूची

**शीर्षक** **पेज नं.**


| शीर्षक | पेज नं. |
|---|---|
| तालिका २.१: राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत योगदान | ४ |
| तालिका २.२: प्रदेशगत जनसङ्ख्या वितरण, साक्षरता दर र जनघनत्व | ५ |
| तालिका ३.१: कृषि उपजले ढाकेको भू-क्षेत्र | ८ |
| तालिका ३.२: कृषि उपजले ढाकेको भू–क्षेत्र तथा जिल्लागत हिस्सा | ९ |
| तालिका ३.३ : कृषि उपजको जिल्लागत उत्पादन तथा हिस्सा | ११ |
| तालिका ३.४: पशुपन्छीजन्य तथा माछा उत्पादन र जिल्लागत हिस्सा | १२ |
| तालिका ३.५: कृषि कर्जाको जिल्लागत स्थिति | १३ |
| तालिका ४.१: उद्योगको जिल्लागत अवस्था | १५ |
| तालिका ४.२: औद्योगिक उत्पादन | १६ |
| तालिका ४.३: कुल औद्योगिक कर्जा तथा क्षेत्रगत हिस्सा | १७ |
| तालिका ५.१ पर्यटक आगमन, रोजगारी तथा होटल अकुपेन्सी दर | १९ |
| तालिका ५.२: सार्वजनिक निर्माण तथा रियलस्टेट | २० |
| तालिका ५.३: बैंक तथा वित्तीय संस्था एवम् वित्तीय सेवाको अवस्था | २० |
| तालिका ५.४: जिल्लागत निक्षेप, कर्जा र कर्जा/निक्षेप अनुपातको अवस्था | २१ |
| तालिका ५.५: विपन्न वर्ग कर्जा, पुनरकर्जा र सहुलियतपूर्ण कर्जाको जिल्लागत अवस्था | २२ |
| तालिका ५.६: यातायात सेवाको अवस्था | २३ |
| तालिका ५.७: सञ्चार सेवाको अवस्था | २३ |
| तालिका ५.८: लुम्बिनी प्रदेशमा स्वास्थ्य सेवा | २४ |
| तालिका ५.९: परिवर्त्य विदेशी मुद्रा तथा भारतीय मुद्रा खरिद/बिक्री | २४ |
| तालिका ५.१०: मनिचेञ्जर तथा विदेशी मुद्रा सटही एजेन्सीहरुको विवरण २०८१/८२ | २५ |
| तालिका ५.११: कुल सेवा कर्जाको जिल्लागत अवस्था | २५ |
| तालिका ५.१२: सहकारी सेवा | २६ |
| तालिका ६.१: सडक पूर्वाधारको भौतिक प्रगति | २८ |
| तालिका ६.२: आ.व. २०८१/८२ को वार्षिक जिल्लागत रोजगारी | ३१ |
| तालिका ७.१: लुम्बिनी प्रदेश सरकारको वित्त स्थिति | ३४ |
| तालिका ७.२: स्थानीय तहहरुको खर्च र राजस्वको स्थिति | ३५ |
| तालिका ७.३: स्थानीय तहहरुको एकीकृत अनुदान तथा हस्तान्तरण | ३५ |

## चार्ट-सूची

**शीर्षक** **पेज नं.**

| | |
|---|---|
| चार्ट २.१: औद्योगिक वर्गीकरण अनुसारको प्रादेशिक कुल गार्हस्थ उत्पादनमा योगदान | ३ |
| चार्ट २.२.: प्रदेशगत आर्थिक वृद्धिदर | ५ |
| चार्ट ३.१: खाद्य तथा अन्य बालीको उत्पादन अवस्था | १० |
| चार्ट ३.२: सिंचित क्षेत्रफलमा स्रोतको हिस्सा | १३ |
| चार्ट ४.१: औद्योगिक क्षमता उपयोग | १६ |

## सारांश

लुम्बिनी प्रदेश अन्तर्गतका १२ जिल्लाहरुको स्थलगत भ्रमण तथा गैरस्थलगत माध्यमबाट तथ्याङ्क एवम् जानकारीहरु संकलन गरी यस कार्यालयले तयार गरेको आर्थिक वर्ष २०८१/८२ को वार्षिक अध्ययन प्रतिवेदनको सारांश निम्नानुसार प्रस्तुत गरिएको छ ।

### कृषि क्षेत्र

१. लुम्बिनी प्रदेशमा समीक्षा वर्षमा खाद्य तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफल गत वर्षको तुलनामा १.४२ प्रतिशतले ह्रास आई ७ लाख ६८ हजार ९६८ हेक्टर कायम भएको छ ।

२. समीक्षा वर्षमा यस प्रदेशमा खाद्य तथा अन्य बालीको उत्पादन गत वर्षको तुलनामा ३.४३ प्रतिशतले वृद्धि भई ३३ लाख ८० हजार ३२७ मेट्रिक टन भएको छ ।

३. समीक्षा वर्षमा दुध, मासु, अण्डा र माछाको उत्पादन गत वर्षको तुलनामा क्रमशः २.८८ प्रतिशत, ३.०३ प्रतिशत, ३.११ प्रतिशत र १३.९८ प्रतिशतले वृद्धि भएको छ ।

४. समीक्षा वर्षमा वनजन्य उत्पादनतर्फ काठ उत्पादन गत वर्षको तुलनामा २.३४ प्रतिशतले वृद्धि भएको छ ।

५. समीक्षा वर्षमा कृषि क्षेत्रमा प्रवाहित कर्जा ३.४६ प्रतिशतले ह्रास भएको छ भने कुल प्रवाहित कृषि कर्जामा रुपन्देही जिल्लाको हिस्सा सबैभन्दा धेरै ४३.८० प्रतिशत र रुकुमपूर्व जिल्लाको हिस्सा सबैभन्दा कम ०.४० प्रतिशत मात्र रहेको छ ।

### उद्योग क्षेत्र

६. समीक्षा वर्षमा यस प्रदेशका उद्योगहरुको औसत क्षमता उपयोग ५०.६० प्रतिशत रहेको छ । नमूना छनौटमा परेका उद्योगहरुमध्ये रोजिन उत्पादन गर्ने उद्योगले सबैभन्दा बढी ८८.६९ प्रतिशत र सबैभन्दा कम ड्राई सिरप उत्पादन गर्ने उद्योगले ८.६४ प्रतिशत क्षमता उपयोग गरेका छन्

७. समीक्षा वर्षमा औद्योगिक उत्पादनतर्फ सबैभन्दा बढी सिन्थेटिक कपडाको उत्पादन १७०.७७ प्रतिशतले वृद्धि भएको छ ।

८. समीक्षा वर्षमा औद्योगिक क्षेत्रमा प्रवाह भएको कर्जा ६.९३ प्रतिशतले वृद्धि भएको छ । औद्योगिक क्षेत्रमा प्रवाहित कर्जामध्ये सबैभन्दा बढी कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी उद्योगहरुमा ४३.६३ प्रतिशत र सबैभन्दा कम विद्युत, ग्यास तथा पानी सम्बन्धी उद्योगहरुमा १.०० प्रतिशत रहेको छ ।

### सेवा क्षेत्र

९. समीक्षा वर्षमा नमुना छनोटमा परेका पर्यटकस्तरीय होटलहरुमध्ये १० वटाबाट प्राप्त तथ्याङ्क बमोजिम (आ.व.२०८०/८१ मा १५ होटलको तथ्यांक समावेश) होटल शैया संख्या, शैया बिक्री संख्या र पर्यटक आगमन संख्यामा क्रमशः ३४.२० प्रतिशत, ४५.७४ प्रतिशत र ६१.७८ प्रतिशतले ह्रास भएको छ ।

१०. समीक्षा वर्षमा घरजग्गा रजिष्ट्रेशन सङ्ख्यामा ४२.८२ प्रतिशतले वृद्धि भएको छ । घरजग्गा रजिष्ट्रेशन बापतको राजस्व रकम गत वर्षको तुलनामा ५.४५ प्रतिशतले ह्रास भएको छ ।

११. २०८२ असार मसान्तमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुले गरेको निक्षेप परिचालन २०८१ असार मसान्तको तुलनामा १५.४३ प्रतिशत र कुल कर्जा प्रवाह २.९२ प्रतिशतले वृद्धि भएको छ ।

१२. समीक्षा वर्षमा छनौटमा परेका बचत तथा ऋण सहकारी संस्थाहरुको कुल पुँजी २.४४ प्रतिशतले ह्रास भएको छ भने बचत परिचालन ६.१६ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी उक्त संस्थाहरुबाट गरिएको कर्जा प्रवाह २.५० प्रतिशतले वृद्धि भएको छ ।

१३. समीक्षा वर्षमा सेवा क्षेत्रमा प्रवाहित कर्जा १.२६ प्रतिशतले ह्रास भएको छ । कुल प्रवाहित सेवा कर्जामा रुपन्देही जिल्लाको हिस्सा सबैभन्दा धेरै ५३.८० प्रतिशत र रुकुमपूर्व जिल्लाको हिस्सा सबैभन्दा कम ०.१० प्रतिशत मात्र रहेको छ ।

**पूर्वाधार क्षेत्रः**

१४. २०८२ असार मसान्तसम्ममा नारायणघाट–बुटवल सडक (पश्चिम खण्ड) योजनाको भौतिक प्रगति ६९.०३ प्रतिशत र वित्तीय प्रगति ६५.३४ प्रतिशत भएको छ ।

१५. २०८२ असार मसान्तसम्ममा सिद्धबाबा सुरुङ मार्ग आयोजनाको भौतिक प्रगति ५७.५१ प्रतिशत र वित्तीय प्रगति ५१.१० प्रतिशत भएको छ ।

१६. २०८२ असार मसान्तसम्ममा राष्ट्रिय गौरवको आयोजना कालिगण्डकी कोरिडोरको (गैंडाकोट-राम्दी-मालढुङ्गा) भौतिक प्रगति ७९ प्रतिशत र वित्तीय प्रगति ७०.३५ प्रतिशत भएको छ ।

१७. २०८२ असार मसान्तसम्ममा सिक्टा सिँचाई आयोजनाको भौतिक प्रगति ४४.२३ प्रतिशत र वित्तीय प्रगति ४३.३३ प्रतिशत भएको छ ।

१८. २०८२ असार मसान्तसम्ममा बबई सिँचाई आयोजनाको भौतिक प्रगति ८२.२७ प्रतिशत र वित्तीय प्रगति ८१.५८ प्रतिशत भएको छ ।

# परिच्छेद १: अध्ययन परिचय

## १.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैंकले देशको बैकिङ्ग तथा वित्तीय क्षेत्रको नियमनकारी निकाय, नेपाल सरकारको आर्थिक सल्लाहकार एवम् देशको आन्तरिक तथा वाह्य क्षेत्र व्यवस्थापन गर्ने भूमिकामा रहेर मौद्रिक तथा विदेशी विनिमय नीति तर्जुमा तथा कार्यान्वयन मार्फत समष्टिगत आर्थिक व्यवस्थापन गर्ने जिम्मेवारी वहन गर्दै आएको छ । बैंकले नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा भएका उद्देश्यहरु हासिल गर्ने क्रममा देशको आर्थिक नीति निर्माण गर्न सहयोग पुग्ने गरी "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (पहिलो संशोधन २०७९)"को अधिनमा रही एक आर्थिक वर्षमा दुई पटक (वार्षिक तथा अर्ध-वार्षिक) आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरी प्रकाशन गर्दै आएको छ । यसै सिलसिलामा नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर कार्यालय अन्तर्गत ८ वटा जिल्ला (रुपन्देही, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), कपिलवस्तु, पाल्पा, गुल्मी, अर्घाखाँची, प्यूठान र रोल्पा) तथा नेपालगञ्ज कार्यालय अन्तर्गत ४ जिल्ला (बाँके, बर्दिया, दाङ र रुकुमपूर्व) गरी जम्मा १२ जिल्लाबाट २०८१ साउन मसान्तदेखि २०८२ असार मसान्तसम्मको तथ्याङ्क संकलन गरी लुम्बिनी प्रदेशको वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ ।

## १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन

यस प्रतिवेदनमा आर्थिक वर्ष २०८१/८२ मा लुम्बिनी प्रदेशमा भएका प्रमुख आर्थिक गतिविधिहरुको विश्लेषण गरिएको छ । मुख्यगरी कृषि, उद्योग, सेवा, पूर्वाधार, पर्यटन, रोजगारी र सरकारी वित्त लगायतका क्षेत्रहरुको स्थिति र आवधिक परिवर्तन लगायत राष्ट्रिय अर्थतन्त्रमा लुम्बिनी प्रदेशको हिस्सा एवम् आगामी परिदृष्य प्रतिवेदनमा समावेश गरिएको छ ।

१. नेपाल राष्ट्र बैंकबाट जारी भएको "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन,२०७६ (प्रथम संशोधन, २०७९)" अनुसार यस प्रदेशका विभिन्न मन्त्रालय तथा मातहतका निकायहरु, निर्देशनालयहरुका साथै जिल्ला स्थित तोकिएका कार्यालयहरु, निजी उद्योग तथा प्रतिष्ठानहरुबाट स्थलगत तथा गैर-स्थलगत माध्यमबाट तथ्याङ्क तथा सूचनाहरु संकलन गरिएको छ ।

२. प्रदेशका विभिन्न मन्त्रालय तथा निर्देशनालयहरु, मातहतका निकायहरुका साथै जिल्लास्थित तोकिएका कार्यालयहरु, निजी उद्योग तथा प्रतिष्ठानहरुबाट स्थलगत तथा गैर-स्थलगत माध्यमबाट तथ्याङ्क तथा सूचनाहरु संकलन गरिएको छ ।

३. कृषि क्षेत्र सम्बन्धी तथ्याङ्क तथा जानकारीहरु कृषि विकास निर्देशनालय, कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयहरु, जिल्ला वन कार्यालयहरुबाट संकलन गरिएको छ ।

४. उद्योग सम्बन्धी तथ्याङ्क तथा जानकारीहरु नमूना छनौटमा परेका जम्मा २९ वटा उद्योगहरुबाट सङ्कलन गरिएको छ ।

५. सेवा क्षेत्र अन्तर्गत पर्यटन सम्बन्धी तथ्याङ्क तथा जानकारीहरु छनौटमा परेका १० वटा होटल तथा होटल व्यवसायी संघबाट संकलन गरिएको छ भने अन्य तथ्याङ्कहरु सम्वन्धित स्थानीय निकायहरु, कार्यालयहरु तथा संस्थानहरुबाट संकलन गरिएको छ ।

६. पूर्वाधार सम्बन्धी तथ्याङ्क एवम् जानकारी यस प्रदेशको भौतिक पूर्वाधार, शहरी विकास तथा खानेपानी मन्त्रालय, सडक डिभिजन कार्यालय, नगरपालिकाहरू र प्रदेशस्थित प्रमुख आयोजनाहरुबाट संकलन गरिएको छ ।

७. प्रादेशिक सरकारी वित्त सम्बन्धी विवरण प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र वैदेशिक व्यापार सम्बन्धी विवरण सम्बन्धित जिल्लाका भन्सार कार्यालयहरुबाट प्राप्त गरिएको छ ।

८. प्रदेश सरकारको कार्यक्रम तथा परियोजना, स्थानीय तहको कार्यक्रम तथा परियोजनाहरुको कार्यान्वयन सम्बन्धी विवरण लुम्बिनी प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय तथा छनौटमा परेका ५ वटा स्थानीय तहहरुबाट लिइएको छ ।
९. लुम्बिनी प्रदेशमा पूर्वाधारसँग सम्बन्धित राष्ट्रिय गौरवका आयोजना, निजी क्षेत्रका आयोजना तथा केन्द्रीयस्तरका आयोजनाहरु मध्ये नमूना छनौटमा परेका ५ वटा आयोजनाहरुको भौतिक तथा वित्तीय प्रगति, आसपासका क्षेत्रमा पारेको प्रभाव र समस्या तथा चुनौतीहरु सम्बन्धी तथ्याङ्क संकलन गरी अध्ययन प्रतिवेदनमा समेटिएको छ ।
१०. यस प्रतिवेदनका लागि आवश्यक सम्पूर्ण बैकिङ्ग तथ्याङ्क नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभागबाट प्राप्त गरिएको छ ।
११. स्थलगत सर्वेक्षणबाट प्राप्त प्राथमिक तथ्याङ्क र विभिन्न स्रोतबाट प्राप्त द्वितीय तथ्याङ्कहरु Statistical Tools का आधारमा व्याख्यात्मक विधि (Descriptive Method) को प्रयोग गरी विश्लेषण गरिएको छ ।

## १.३ अध्ययनको सीमा

देश प्रादेशिक संरचनामा गए पश्चात् तथ्याङ्क प्रदायक निकायहरुको समेत पुनरसंरचना भएकोले तथ्याङ्क संगठित तथा सु-व्यवस्थित गर्ने कार्य अझैं पनि निरन्तर रहेकाले पूर्ण एवम् अद्यावधिक तथ्याङ्क प्राप्त गर्न कठिनाई रहेको छ । मुख्यतः देहायको सीमाभित्र रहेर यो प्रतिवेदन तयार गरिएको छ ।

१. नेपालको संविधान, २०७२ बमोजिम संघियता कार्यान्वयन पश्चात विभिन्न तहका सरकारी कार्यालयहरुबीच समन्वयको अभाव, निजी क्षेत्रले तथ्याङ्क उपलब्ध गराउने कार्यलाई महत्व नदिने तथा बोझका रुपमा लिने गरेकाले तोकिएको समयभित्र शुद्ध तथ्याङ्क प्राप्त गर्न केही कठिनाई देखिएको छ ।
२. लुम्बिनी प्रदेशका ३१ वटा स्थानीय तहहरु (उप महानगरपालिका/नगरपालिका) बाट घरनक्सा पास तथा ४ वटा ठूला स्थानीय तहहरुको मात्र वित्त स्थितिको तथ्याङ्क संकलन गरिएको छ ।
३. यस प्रदेशमा रहेका उद्योग, होटल र सहकारीमध्ये  नमूना छनौट गरी २८ उद्योग, १० होटल र १२ सहकारीहरुको तथ्याङ्क समावेश गरिएको छ ।

## १.४ अध्ययन प्रतिवेदनको ढाँचा

यस अध्ययन प्रतिवेदनलाई ८ वटा परिच्छेदमा प्रस्तुत गरिएको छ । परिच्छेद १ देखि परिच्छेद ८ सम्म क्रमशः अध्ययन परिचय, प्रदेशको तुलनात्मक स्थिति, कृषि क्षेत्र, उद्योग क्षेत्र, सेवा क्षेत्र, पूर्वाधार तथा रोजगारी, प्रादेशिक कार्यक्रम तथा योजना र आर्थिक परिदृष्य प्रस्तुत गरिएको छ ।

## परिच्छेद २: प्रदेशको तुलनात्मक स्थिति

कृषि, पर्यटन तथा औद्योगिक क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउने लुम्बिनी प्रदेशले नेपालको कुल क्षेत्रफलको १२.१ प्रतिशत हिस्सा ओगटेको छ । यस प्रदेशमा ४ उप-महानगरपालिका, ३२ नगरपालिका र ७३ गाउँपालिका गरी कुल १ सय ९ वटा स्थानीय तहहरु रहेका छन् ।


यस परिच्छेदमा लुम्बिनी प्रदेशको भूभाग, जनसङ्ख्या, राष्ट्रिय अर्थतन्त्रमा लुम्बिनी प्रदेशको योगदान, कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत स्थिति, अन्तर प्रदेश तुलना र प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती समावेश गरिएको छ ।

### २.१ राष्ट्रिय अर्थतन्त्रमा लुम्बिनी प्रदेशको क्षेत्रगत हिस्सा

राष्ट्रिय तथ्याङ्क कार्यालयको विवरण अनुसार आर्थिक वर्ष २०८१/८२ मा लुम्बिनी प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर उपभोक्ता मूल्यमा ४.७० प्रतिशत पुग्ने अनुमान रहेको छ भने गत आर्थिक वर्ष यस्तो वृद्धिदर ३.९४ प्रतिशत रहेको संशोधित अनुमान छ। आर्थिक वर्ष २०८१/८२ मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा यस प्रदेशको योगदान १४.२३ प्रतिशत रहने अनुमान रहेको छ । त्यसैगरी, कुल गार्हस्थ्य उत्पादनको वृद्धिदरलाई क्षेत्रगत रुपमा हेर्दा आ.व २०८१/८२ मा सबैभन्दा धेरै यातायात भण्डारण क्षेत्रको ९.७० प्रतिशत रहने अनुमान गरिएको छ भने सबैभन्दा कम खानी तथा उत्खननमा २.०० प्रतिशत रहने अनुमान गरिएको छ ।

औद्योगिक वर्गीकरणका आधारमा प्रादेशिक अर्थतन्त्रमा कृषि, वन तथा मत्स्यपालन क्षेत्रको योगदान सबैभन्दा बढी ३१.०२ प्रतिशत रहने अनुमान रहेको छ भने सबैभन्दा कम प्रशासनिक सहयोगी सेवा क्षेत्रको ०.३५ प्रतिशत रहने अनुमान छ (चार्ट २.१) ।

**चार्ट २.१: औद्योगिक वर्गिकरण अनुसारको प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा योगदान (प्रतिशतमा)**




*स्रोत :राष्ट्रिय तथ्याङ्क कार्यालय*

### २.२ अन्तरप्रदेश तुलना

आर्थिक वर्ष २०८१/८२ मा राष्ट्रिय वार्षिक कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा रु.६१ खर्ब ७ अर्ब रहने अनुमान छ। मुलुकको कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशले सबैभन्दा धेरै ३६.५२ प्रतिशत र कर्णाली प्रदेशले सबैभन्दा कम ४.१९ प्रतिशत योगदान पु¥याउने प्रारम्भिक अनुमान रहेको छ। त्यस्तै, लुम्बिनी प्रदेशले १४.२३ प्रतिशत योगदान पु¥याउने प्रारम्भिक अनुमान छ। प्रदेशगत रुपमा कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत तुलना गर्दा कृषि क्षेत्रको सबैभन्दा बढी योगदान मधेश प्रदेशको ३६.७ प्रतिशत र सबैभन्दा कम कर्णाली प्रदेशको ११.८ प्रतिशत रहने अनुमान गरिएको छ। उद्योग क्षेत्रको योगदान गण्डकी प्रदेशमा सबैभन्दा बढी १७.१ प्रतिशत र कर्णाली प्रदेशमा सबैभन्दा कम ९.६ प्रतिशत हुने अनुमान रहेको छ। सेवा क्षेत्रको योगदान बागमती प्रदेशको सबैभन्दा बढी ७७.१ प्रतिशत र कणाली प्रदेशको सबैभन्दा कम ४९.८ प्रतिशत हुने अनुमान रहेको छ। त्यसैगरी, कुल गार्हस्थ्य उत्पादनमा लुम्बिनी प्रदेशको कृषि, उद्योग तथा सेवा क्षेत्रको योगदान क्रमशः ३१.० प्रतिशत, १४.० प्रतिशत र ५५.० प्रतिशत रहने अनुमान गरिएको छ (तालिका २.१)।

**तालिका २.१: राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत योगदान (आ.व.२०८१/८२)**


| आर्थिक परिसूचक/प्रदेश | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | राष्ट्रिय |
|---|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य,रु.अर्बमा) | ९७१ | ८०४ | २२३० | ५४८ | **८६९** | २५६ | ४३० | ६१०७ |
| राष्ट्रिय उत्पादनमा अंश | १५.९ | १३.१६ | ३६.५२ | ८.९८ | **१४.२३** | ४.१९ | ७.०३ | १०० |
| आर्थिक वृद्धिदर (उपभोक्ताको मूल्यमा) (प्रतिशतमा) | ३.३४ | ४.५ | ५.१८ | ५.५१ | **४.७** | ४.७४ | ३.३२ | ४.६१ |
| कृषि क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | ३४.१ | ३६.७ | ११.८ | २७.१ | **३१.०** | ३१.५ | ३४.७ | २५.२ |
| उद्योग क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १६.१ | १०.७ | ११.१ | १७.१ | **१४.०** | ९.६ | १२.५ | १२.८ |
| सेवा क्षेत्रमा प्रदेशको अंश(प्रतिशत) | ४९.८ | ५२.६ | ७७.१ | ५५.८ | **५५.०** | ५८.९ | ५२.८ | ६२.० |

*स्रोत :राष्ट्रिय तथ्याङ्क कार्यालय*

### प्रदेशगत आर्थिक वृद्धिदर

आर्थिक वर्ष २०८१/८२ को प्रदेशगत रुपमा उपभोक्ताको मूल्यमा प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर तुलना गर्दा सबैभन्दा धेरै गण्डकी प्रदेशको ५.५१ प्रतिशत र सबैभन्दा कम सुदुरपश्चिम प्रदेशको ३.३२ प्रतिशत रहने प्रारम्भिक अनुमान छ। त्यस्तो वृद्धिदर लुम्बिनी प्रदेशको ४.७ प्रतिशत रहने अनुमान छ। अघिल्लो वर्षमा प्रदेशगत आर्थिक वृद्धिदरको संशोधित अनुमान गण्डकी प्रदेशको सबैभन्दा धेरै ४.०९ प्रतिशत रहेको थियो भने कर्णाली प्रदेशको सबैभन्दा कम ३.२६ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०८१/८२ मा नेपालको आर्थिक वृद्धिदर ४.६१ प्रतिशत पुग्ने प्रारम्भिक अनुमान रहेको छ भने गत आर्थिक वर्ष नेपालको संशोधित आर्थिक वृद्धिदर ३.६७ प्रतिशत रहेको थियो (तालिका २.१)।

**चार्ट २.२: प्रदेशगत आर्थिक वृद्धिदर (प्रतिशतमा)**




*स्रोत :राष्ट्रिय तथ्याङ्क कार्यालय*

**प्रदेशगत जनसङ्ख्या वितरण, साक्षरता दर र जनघनत्व**

राष्ट्रिय जनगणना, २०७८ अनुसार प्रदेशगत रुपमा जनसङ्ख्याको वितरण हेर्दा कुल जनसङ्ख्यामा सबैभन्दा धेरै मधेश प्रदेशको २१ प्रतिशत हिस्सा रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ५.८ प्रतिशत रहेको छ। त्यस्तै, लुम्बिनी प्रदेशको हिस्सा १७.६ प्रतिशत रहेको छ। त्यसैगरी, प्रदेशगत रुपमा जनसङ्ख्याको साक्षरता दर हेर्दा सातवटा प्रदेशहरुमध्ये सबैभन्दा धेरै बागमती प्रदेशको ८२.१ प्रतिशत र सबैभन्दा कम मधेश प्रदेशको ६३.५ प्रतिशत रहेको छ। प्रदेशगत जनघनत्व विश्लेषण गर्दा सबै भन्दा धेरै मधेश प्रदेशको ६३३ र सबै भन्दा कम कर्णाली प्रदेशको ६० जना प्रति वर्ग किलोमिटर रहेको छ भने लुम्बिनी प्रदेशको २३० जना प्रति वर्ग किलोमिटर रहेको छ (तालिका :२.२)।

**तालिका २.२: प्रदेशगत जनसङ्ख्या वितरण, साक्षरता दर र जनघनत्व**

| प्रदेश | जनसङ्ख्या वितरण (प्रतिशतमा) | साक्षरता दर | जनघनत्व |
|---|---|---|---|
| कोशी | १७ | ७९.७ | १९२ |
| मधेश | २१ | ६३.५ | ६३३ |
| बागमती | २१ | ८२.१ | ३०१ |
| गण्डकी | ८.५ | ८१.७ | ११५ |
| **लुम्बिनी** | **१७.६** | **७८.१** | **२३०** |
| कर्णाली | ५.८ | ७६.१ | ६० |
| सुदूरपश्चिम | ९.२ | ७६.२ | १३८ |
| **नेपाल** | **१००** | **७६.२** | **१९८** |

*स्रोत :राष्ट्रिय जनगणना, २०७८*

## २.३ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती

### प्रादेशिक क्षमता र सम्भावना

१. यस प्रदेशमा अवस्थित ठूला नदीनालाहरूको आसपासमा जलाशय निर्माण गरी सिँचाई क्षेत्रको विस्तारका साथै जल यातायात, माछापालन, जल पर्यटन/मनोरञ्जन आदिको विकास गर्दै बहुआयामिक लाभ लिन सकिने सम्भावना रहेको छ ।

२. गौतमबुद्धको जन्मस्थल लुम्बिनीको भ्रमणका लागि अन्तराष्ट्रिय रुपमा व्यापक प्रचारप्रसार भए तापनि यहाँ आउने पर्यटकको बसाइ वर्ष कम देखिएकोले बौद्ध सर्किटको विकाससँगसँगै लुम्बिनी आसपासका जिल्लामा रहेका पर्यटकीय स्थलको समेत प्रचारप्रसार तथा आवश्यक पूवार्धारको विकासमार्फत बाह्य तथा आन्तरिक पर्यटकको बसाइ वर्ष लम्ब्याउन सकिने सम्भावना देखिन्छ ।

३. लुम्बिनी प्रदेश कृषिका लागि उर्वरभूमि भएको र यस प्रदेशमा सडक सञ्जालको विस्तारसमेत भइरहेकाले यहाँ उत्पादन हुने धान, गँहु, मकै, तरकारी, फलफूल, पशुजन्य उत्पादन आदिमा आधारित उद्योगहरु स्थापनामा प्रोत्साहनका साथै बजारीकरणका लागि आवश्यक सहजीकरण गर्न सके उत्पादित वस्तुले उचित मूल्य तथा राम्रो बजार पाउने तथा रोजगारी सिर्जनामा समेत टेवा पुग्ने उच्च सम्भावना रहेको छ ।

४. बुटवल, भैरहवा तथा नेपालगञ्ज जस्ता शहरहरु विस्तारै औद्योगिक करिडोरका रुपमा विकास हुँदै गएको, भैरहवामा विशेष औद्योगिक क्षेत्रको स्थापना भएको र सीमा व्यापार तथा यातायातका हिसाबले समेत सहज भएकाले यस प्रदेशमा विदेशी लगानी भित्र्याई यस प्रदेशलाई औद्योगिक हबका रुपमा विकास गर्न सकिने सम्भावना रहेको छ ।

५. लुम्बिनी ऐतिहासिक तथा धार्मिक पर्यटकीय स्थल भएकाले गौतमबुद्ध विमानस्थल सञ्चालनसँगै अन्तराष्ट्रिय, व्यापारिक तथा धार्मिक सम्मेलन आयोजना गरी धार्मिक पर्यटन, प्राकृतिक रुपमा अत्यन्त सुन्दर पहाडी भागहरु पाल्पा गुल्मी, रुकुमपूर्व जस्ता जिल्लाहरुमा नयाँ पर्यटकीय स्थान खोजीसँगै पूर्वाधारको निर्माणले प्राकृतिक पर्यटन तथा बर्दिया राष्ट्रिय निकुञ्ज, बाँके राष्ट्रिय निकुञ्ज, कृष्णसार संरक्षित क्षेत्रमा रहेका दुर्लभ जनावर, चराचुरुङ्गी, बाघ, गैँडा, हात्ती जस्ता वन्यजन्तुको संरक्षण र प्रचारप्रसारमार्फत इको टुरिजम विकास गरी बाह्य तथा आन्तरिक पर्यटक भित्र्याई समग्र पर्यटन क्षेत्र माथि उठाउन सकिने सम्भावना रहेको छ ।

६. यस प्रदेशमा रहेका युवावर्गलाई आवश्यकताका आधारमा सीपमूलक तालिम तथा प्राविधिक शिक्षा प्रदान गर्न सकेमा यहाँका उद्योग व्यवसायका लागि आवश्यक जनशक्ति तयार गरी रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको छ ।

### प्रादेशिक चुनौती

१. कृषि विशेषज्ञहरुलाई स्वदेशमै परिचालन गरी परम्परागत/निर्वाहमुखी कृषिलाई आधुनिक एवम् व्यवसायिकतामा रुपान्तरण गर्न थप आवश्यक पूर्वाधारहरु निर्माण गर्दै मूल्य तथा बजारको सु–निश्चितता प्रदान गरी युवा वर्गलाई कृषि क्षेत्रमा आकर्षित गर्नु ।

२. यस प्रदेशमा घुम्न आउने पर्यटकहरुलाइ धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्वका पर्यटकीय स्थलमा पुग्ने सडक सञ्जाल, गुणस्तरीय होटलजस्ता पूर्वाधारहरुको विस्तार गरी पर्यटकहरुको बसाई अवधि लम्ब्याउनु

३. कृषि, उद्योग, सेवा तथा पूर्वाधार क्षेत्रसँग सम्बन्धित तथ्याङ्क प्रदायक निकाय, प्रतिष्ठान तथा संघ-संस्थाहरूमा सम्बन्धित सूचना तथा तथ्याङ्कको व्यवस्थित अभिलेख नहुँदा तथ्याङ्क प्राप्तिमा कठिनाई भई यथार्थपरक, व्यावहारिक र कार्यान्वयनयोग्य नीति निर्माण गर्नु चुनौतीपूर्ण छ ।

४. भारतसँगको खुला सिमानाका कारण अवैध रुपमा हुने चोरी पैठारीका कारण स्वदेशमा उत्पादन हुने वस्तुहरुको बिक्रीमा कमी आउनुका साथै राजस्व संकलनमा समेत बाधा पुग्नाले अवैध चोरी निकासी नियन्त्रण गर्नु चुनौतीपूर्ण छ ।

५. स्थानीय तथा रैथाने कच्चा पदार्थलाई आधुनिक प्रविधिसँग जोडी लुम्बिनी प्रदेशलाई साना तथा मझौला उद्यमको हबको रुपमा विकास गर्नु ।

६. यस प्रदेशमा निर्माण भईरहेका राष्ट्रिय गौरव, प्रदेश गौरव लगायत कतिपय ठूला परियोजनाहरू तथा सडक सञ्जाल आयोजनाहरूको कार्यमा गुणस्तरीयता कायम गरी समयमै कार्य सम्पन्न गर्नु चुनौतीपूर्ण छ ।

# परिच्छेद ३: कृषि क्षेत्र

## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

### ३.१.१ प्रदेशगत स्थिति

विगत केही वर्षदेखि लुम्बिनी प्रदेशमा कृषि भूभागको क्षेत्रफल निरन्तर घट्दै गएको छ । पहाडी भेगबाट शहरी तथा तराईका जिल्लाहरुमा बसाइसराइ तथा काम गर्न सक्ने उमेरका जनशक्ति बैदेशिक रोजगारीमा जाने प्रवृतिले गर्दा जग्गाजमिन बाँझो रहन गएकाले कृषि भूमिको क्षेत्रफल घट्दै गएको देखिन्छ । आर्थिक वर्ष २०८१/८२ मा लुम्बिनी प्रदेशमा प्रमुख कृषि बालीहरूले ढाकेको क्षेत्रफल अघिल्लो वर्षको तुलनामा करिव ०.५४ प्रतिशतले ह्रास आई ८ लाख ५७ हजार ७०८ हेक्टर रहेको छ । अघिल्लो वर्ष पनि यस्तो क्षेत्रफल ०.७४ प्रतिशतले घटेको थियो । यस प्रदेशको कृषि उपजले ढाकेको कुल क्षेत्रफलको ८९.६५ प्रतिशत प्रमुख खाद्य तथा अन्य बाली, ५.८२ प्रतिशत तरकारी, ३.०७ प्रतिशत फलफूल तथा १.४१ प्रतिशत मसला र ०.०४ प्रतिशत भू-भागमा चिया तथा कफी लगाइएको छ (तालिका ३.१) ।

**तालिका ३.१: कृषि उपजले ढाकेको भू-क्षेत्र**

| बालीको नाम | गत वर्ष | | समीक्षा वर्ष | | समीक्षा वर्षको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| | आ.व.२०८०/८१ (साउन-असार) | हिस्सा (प्रतिशत) | आ.व.२०८१/८२ (साउन-असार) | हिस्सा (प्रतिशत) | |
| खाद्य तथा अन्य बाली | ७८००७१.७० | ९०.४६ | ७६८९६८.३० | ८९.६७ | -१.४२ |
| तरकारी | ४३४८३.०० | ५.०४ | ४९९१५.५० | ५.८२ | १४.७९ |
| फलफूल | २५८२३.०० | २.९९ | २६१९५.६५ | ३.०५ | १.४४ |
| मसला | १२५५९.०० | १.४६ | १२११०.०० | १.४१ | -३.५८ |
| चिया | ६२.०० | ०.०१ | २१.०० | ०.००२ | -६६.१३ |
| कफी | ३२४.०० | ०.०४ | ३३५.०० | ०.०४ | ३.४० |
| जम्मा | ८६२३२२.७० | १०० | ८५७५४५.४५ | १०० | -०.५४ |

*स्रोत: अध्ययनमा समेटिएका कृषि ज्ञान केन्द्रहरु*

#### खाद्य तथा अन्य बाली

२०८१/८२ मा खाद्य तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफल गत वर्षको तुलनामा १.४२ प्रतिशतले ह्रास भई ७ लाख ६८ हजार ९ सय ६८ हेक्टर कायम भएको छ । गत वर्ष यस्तो क्षेत्रफल १.०४ प्रतिशतले घटेको थियो । समीक्षा वर्षमा खाद्य तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफलमध्ये भटमास र आलु बालीले ढाकेको क्षेत्रफलमा वृद्धि भएको छ भन धान, जौ, कोदो, आलु, गहुँ,फापर, मकै, उखु, दलहन र तेलहन बालीले ढाकेको क्षेत्रफलमा ह्रास आएको छ । जिल्लागत विश्लेषण गर्दा समीक्षा वर्षमा यस प्रदेशमा खाद्य तथा अन्न बालीले ढाकेको क्षेत्रफलमा सबैभन्दा धेरै हिस्सा कपिलबस्तु जिल्लाको १५.२० प्रतिशत र सबैभन्दा कम रुकुमपूर्व जिल्लाको १.६१ प्रतिशत रहेको छ (तालिका ३.१) ।

#### तरकारी बाली

समीक्षा वर्षमा तरकारी बालीले ढाकेको क्षेत्रफल गत वर्षको तुलनामा १४.७९ प्रतिशतले वृद्धि भई ४९ हजार ९ सय १५ हेक्टर पुगेको छ भने गत वर्ष यसको क्षेत्रफल ३.२४ प्रतिशतले बढेको थियो (तालिका ३.१) ।

### फलफूल

समीक्षा वर्षमा फलफूलले ढाकेको क्षेत्रफल गत वर्षको तुलनामा १.४४ प्रतिशतले वृद्धि भई २६ हजार १ सय ९५ हेक्टर कायम भएको छ । जिल्लागत विश्लेषण गर्दा समीक्षा वर्षमा यस प्रदेशमा फलफूलले ढाकेको क्षेत्रफलमा सबैभन्दा धेरै हिस्सा रोल्पा जिल्लाको १५.७३ प्रतिशत र सबैभन्दा कम रुकुमपूर्व जिल्लाको २.३९ प्रतिशत रहेको छ (तालिका ३.१) ।

### मसला

समीक्षा वर्षमा मसलाले ढाकेको क्षेत्रफल गत वर्षको तुलनामा ३.५८ प्रतिशतले ह्रास भई १२ हजार १ सय १० हेक्टरमा सिमित भएको छ । समीक्षा वर्षमा मसलाले ढाकेको क्षेत्रफलमध्ये लसुन ढाकेको क्षेत्रफलमा वृद्धि भएको छ भने अदुवा, अन्य मसला, प्याज, अलैची, र बेसारले ढाकेको क्षेत्रफलमा ह्रास आएको छ । रोल्पा जिल्लामा विस्तार गरिएको लसुन खेतीका कारण लसुनको क्षेत्रफलमा वृद्धि देखिएको हो (तालिका ३.१) ।

### चिया तथा कफी खेती

समीक्षा वर्षमा चियाले ढाकेको क्षेत्रफलमा ६६.१३ प्रतिशत  ६.३६ प्रतिशतले ह्रास भएको छ भने कफीले ढाकेको क्षेत्रफलमा ३.४० प्रतिशतले वृद्धि भएको छ (तालिका ३.१) ।

## ३.१.२ जिल्लागत स्थिति

कृषि कार्यमा उपयोग भएको भूभागको जिल्लागत विश्लेषण गर्दा लुम्बिनी प्रदेशको कुल खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमध्ये सबैभन्दा बढी १५.२० प्रतिशत कपिलबस्तु जिल्लामा रहेको छ भने सबैभन्दा कम रुकुमपूर्व जिल्लामा १.६१ प्रतिशत रहेको छ । त्यसैगरी तरकारी, फलफूल र मसला  खेतीले ढाकेको क्षेत्रफलमध्ये सबैभन्दा बढी क्रमशः १९.१९ प्रतिशत, १५.७३ प्रतिशत र २०.५३ प्रतिशत रोल्पा जिल्लामा मात्रै रहेको छ भने तरकारी, फलफुल, तथा मसला खेती भएको कुल क्षेत्रफल मध्ये सबैभन्दा कम रुकुमपूर्व जिल्लामा रहेको छ(तालिका ३.२) ।

**तालिका ३.२: कृषि उपजले ढाकेको भू–क्षेत्र तथा जिल्लागत हिस्सा**

| जिल्ला | खाद्य तथा अन्य | | तरकारी | | फलफूल | | मसला | |
|---|---|---|---|---|---|---|---|---|
| | **क्षेत्रफल (हे.)** | हिस्सा | **क्षेत्रफल (हे.)** | हिस्सा | **क्षेत्रफल (हे.)** | हिस्सा | **क्षेत्रफल (हे.)** | हिस्सा |
| रुकुमपूर्व | १२३७८.०० | १.६१ | ६५६.०० | १.३१ | ६३०.०० | २.४१ | ३६३ | ३.०० |
| रोल्पा | ३२०६४.०० | ४.१७ | ९५७९.०० | १९.१९ | ४१४५.०० | १५.८२ | २४८६ | २०.५३ |
| प्यूठान | ३३७३२.०० | ४.३९ | १२५६.०० | २.५२ | २३८८.०० | ९.१२ | ११९५ | ९.८७ |
| गुल्मी | ४३००५.८० | ५.५९ | १७०३.५० | ३.४१ | १९८२.९५ | ७.५७ | ६१० | ५.०४ |
| अर्घाखाँची | २८०७९.०० | ३.६५ | १६००.०० | ३.२१ | २३८६.०० | ९.११ | ६५५ | ५.४१ |
| पाल्पा | ४१२४३.५० | ५.३६ | ३०५०.०० | ६.११ | १७९७.७० | ६.८६ | १७५५ | १४.४९ |
| नवलपरासी (ब.सु.प) | ४४५८१.०० | ५.८० | २२२३.०० | ४.४५ | २९९९.०० | ११.४५ | ५९० | ४.८७ |
| रुपन्देही | ११४३८३.५० | १४.८७ | ६५७१.०० | १३.१६ | १९८५.०० | ७.५८ | ७९७ | ६.५८ |
| कपिलवस्तु | ११६८४९.०० | १५.२० | ३३६४.०० | ६.७४ | २०९६.०० | ८.०० | ९४५ | ७.८० |
| दाङ | १०८१८०.०० | १४.०७ | ७७१२.०० | १५.४५ | २६१६.०० | ९.९९ | १०८७ | ८.९८ |
| बाँके | ८२९१७.५० | १०.७८ | ५९८६.०० | ११.९९ | १११०.०० | ४.८६ | ६६२ | ५.४७ |
| बर्दिया | १११५५५.०० | १४.५१ | ६२१५.०० | १२.४५ | २०६०.०० | ७.८६ | ९६५ | ७.९७ |
| **कुल** | **७६८९६८.३०** | **१००** | **४९९१५.५०** | **१००** | **२६१९५.६५** | **१००** | **१२११०** | **१००** |


*स्रोत: अध्ययनमा समेटिएका कृषि ज्ञान केन्द्रहरु*

## ३.२ कृषि उत्पादन

### खाद्य तथा अन्य बाली

समीक्षा वर्षमा खाद्य तथा अन्य बालीको उत्पादनमा ३.४३ प्रतिशतले वृद्धि भएको छ । यस वर्षमा धान, मकै, गँहु, जौ, आलु र दलहनको उत्पादनमा क्रमशः ३.९५ प्रतिशत, ३.३४ प्रतिशत, ४.६३ प्रतिशत, ७.३२ प्रतिशत र ७.३० प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी कोदो, फापर, भटमासं र तेलहनको उत्पादनमा क्रमशः १४.६२ प्रतिशत, ४०.०७ प्रतिशत, ८.६१ प्रतिशत, र ७.६८ प्रतिशतले ह्रास भएको छ । यस प्रदेशमा खाद्य तथा अन्य बालीको जिल्लागत उत्पादन विश्लेषण गर्दा सबैभन्दा धेरै योगदान कपिलवस्तु जिल्लाको २१.२४ प्रतिशत र सबैभन्दा कम रुकुमपूर्व जिल्लाको १.५५ प्रतिशत योगदान रहेको छ (चार्ट ३.१)।

**चार्ट ३.१: खाद्य तथा अन्य बालीको उत्पादनको अवस्था (हजार मे.टनमा)**




*स्रोतः अध्ययनमा समेटिएका कृषि ज्ञान केन्द्रहरु*

### तरकारी बाली

समीक्षा वर्षमा तरकारी बालीको उत्पादन गत वर्षको तुलनामा २४.७२ प्रतिशतले वृद्धि भई ७ लाख २ हजार ४ सय ३० मेट्रिक टन पुगेको छ । गत वर्ष पनि यस्तो उत्पादन २.७० प्रतिशतले वृद्धि भएको थियो । जिल्लागत रुपमा विश्लेषण गर्दा तरकारी बालीको उत्पादनमा सबैभन्दा धेरै हिस्सा रोल्पा जिल्लाको २४.८२ प्रतिशत र सबैभन्दा कम रुकुमपूर्व जिल्लाको १.१२ प्रतिशत रहेको छ (तालिका ३.३) ।

### फलफूल

समीक्षा वर्षमा यस प्रदेशमा फलफूलको उत्पादन गत वर्षको तुलनामा ३.६३ प्रतिशतले ह्रास भई २ लाख ३३ हजार ४ सय २० मेट्रिक टन पुगेको छ । गत वर्ष यस्तो उत्पादन ७.४१ प्रतिशतले वृद्धि भएको थियो । जिल्लागत रुपमा विश्लेषण गर्दा फलफूल उत्पादनमा सबैभन्दा बढी हिस्सा नवलपरासी (ब.सु.प) जिल्लाको २६.२८ प्रतिशत र सबैभन्दा कम रुकुम पूर्व जिल्लाको २.५२ प्रतिशत रहेको छ (तालिका ३.३) ।

### मसला

समीक्षा वर्षमा मसलाको उत्पादन गत वर्षको तुलनामा ६.६० प्रतिशतले वृद्धि भई १ लाख २५ हजार २ सय ३९ मेट्रिक टन भएको छ । जिल्लागत रुपमा विश्लेषण गर्दा मसला उत्पादनमा सबैभन्दा बढी हिस्सा रोल्पा जिल्लाको २०.०२ प्रतिशत र सबैभन्दा कम रुकुमपुर्व जिल्लाको २.७३ प्रतिशत रहेको छ (तालिका ३.३) ।

**तालिका ३.३: कृषि उपजको जिल्लागत उत्पादन तथा हिस्सा**

| जिल्ला | खाद्य तथा अन्य बाली | | तरकारी बाली | | फलफूल | | मसला | |
|---|---|---|---|---|---|---|---|---|
| | उत्पादन (मे.टन) | हिस्सा (प्रतिशत) | उत्पादन ( मे.टन) | हिस्सा (प्रतिशत) | उत्पादन (मे.टन) | हिस्सा (प्रतिशत) | उत्पादन (मे.टन) | हिस्सा (प्रतिशत) |
| रुकुमपूर्व | ३४४६३.५४ | १.०६ | ७८५५.०० | १.१२ | ५८७३.०० | २.५२ | ३४१६.५० | २.७३ |
| रोल्पा | ११५३८९.४९ | ३.५५ | १७४३३२.४० | २४.८२ | १७१२९.६३ | ७.३४ | २५०७३.०० | २०.०२ |
| प्यूठान | ११७२५०.७५ | ३.६१ | १४२३५.०० | २.०३ | ८३०९.०० | ३.५६ | ११११९४.०० | ८.९४ |
| गुल्मी | १३९९८८.७५ | ४.३१ | २०३५६.८३ | २.९० | १२३७१.१७ | ५.३० | ५८७६.१ | ४.६९ |
| अर्घाखाँची | ११६८५३.०२ | ३.६० | १८२५७.०० | २.६० | १३१८९.०० | ५.६५ | ६७६५.०० | ५.४० |
| पाल्पा | १२४३४१.४५ | ३.८३ | २३२६२.२० | ३.३१ | १४९६५.३८ | ६.४१ | १९१४३.२७ | १५.२९ |
| नवलपरासी (ब.सु.प.) | ३२६७२५.३ | १०.०६ | ३०३४३.०० | ४.३२ | ६१३५१.६० | २६.२८ | ५१९३.२० | ४.१५ |
| रुपन्देही | ४६३५९७.४२ | १४.२८ | १०७३४२.०० | १५.२८ | १९१८७.१८ | ८.२२ | ९२५३.०६ | ७.३९ |
| कपिलवस्तु | ६५४२१०.५ | २०.१५ | ५१४६९.२० | ७.३३ | २१३०४.५० | ९.१३ | ७२४९.५० | ५.७९ |
| दाङ | ३५३३३२.३३ | १०.८८ | १०९४१७.०० | १५.५८ | २१८८६.०० | ९.३८ | १६५७८.०८ | १३.२४ |
| बाँके | ३५६११७.१२ | १०.९७ | ७०९८१.२० | १०.११ | १२८८६.०० | ५.५२ | ५३८६.०० | ४.३० |
| बर्दिया | ४४४७७९ | १३.७० | ७४५८०.०० | १०.६२ | २४९६८.०० | १०.७० | १०११२.०० | ८.०७ |
| **कुल** | ३२४७०४८.६७ | १००.०० | ७०२४३०.८ | १००.०० | २३३४२०.५ | १००.०० | १२५२३९.७ | १००.०० |

*स्रोत: अध्ययनमा समेटिएका कृषि ज्ञान केन्द्रहरु*

## ३.३ पशुपन्छी तथा माछा उत्पादन

### दुध उत्पादन

समीक्षा वर्षमा लुम्बिनी प्रदेशमा दुध उत्पादन २.८८ प्रतिशतले वृद्धि भई ५ लाख २९ हजार १ सय ७ हजार लिटर पुगेको छ। जिल्लागत रुपमा विश्लेषण गर्दा यस प्रदेशको दुधको उत्पादनमा सबैभन्दा धेरै हिस्सा रुपन्देही जिल्लाको २२.०३ प्रतिशत र सबैभन्दा कम रुकुमपूर्व जिल्लाको ०.७४ प्रतिशत रहेको छ (तालिका ३.४)।

### मासु उत्पादन

समीक्षा वर्षमा मासुको उत्पादन ३.०३ प्रतिशतले वृद्धि भई ८८ हजार ३ सय ९५ मेट्रिक टन पुगेको छ। गत वर्ष मासु उत्पादनमा १४.९७ प्रतिशतले कमी आएको थियो । समीक्षा वर्षमा मासु उत्पादनमध्ये सुंगुर/बंगुर, खसी/बोका/भेडाको मासु उत्पादन गत वर्षको सोही वर्षको तुलनामा क्रमशः १.१३ प्रतिशत र ३.२२ प्रतिशतले ह्रास भएको छ भने भैंसी/राँगो तथा कुखुरा/हाँसको मासु उत्पादनमा क्रमशः २.५९ प्रतिशत र १८.२४ प्रतिशतले वृद्धि भएको छ। जिल्लागत रुपमा विश्लेषण गर्दा यस प्रदेशमा कुल मासु उत्पादनमा सबैभन्दा धेरै हिस्सा रुपन्देही जिल्लाको १७.९९ प्रतिशत र सबैभन्दा कम रुकुमपूर्व जिल्लाको २.०४ प्रतिशत रहेको छ (तालिका ३.४)।

### अण्डा उत्पादन

समीक्षा वर्षमा यस प्रदेशमा २३.२२ करोड गोटा अण्डा उत्पादन भएको छ जुन विगतको सोही वर्षको तुलनामा ३.११ प्रतिशतले बढी हो । जिल्लागत रुपमा सबैभन्दा बढी अण्डा उत्पादन गर्ने जिल्ला दाङ रहेको छ भने सबैभन्दा कम उत्पादन गर्ने जिल्ला रुकुमपुर्व रहेको छ (तालिका ३.४)।

### माछा उत्पादन

समीक्षा वर्षमा माछा उत्पादन गत वर्षको तुलनामा १३.९८ प्रतिशतले वृद्धि भई १७ हजार ९ सय ७२ मेट्रिक टन पुगेको छ। गत वर्ष यस्तो उत्पादन ०.०६ प्रतिशतले वृद्धि भएको थियो। जिल्लागत रुपमा विश्लेषण गर्दा माछा

उत्पादनमा सबैभन्दा बढी हिस्सा रुपन्देही जिल्लाको ४०.५३ प्रतिशत रहेको छ भने सबैभन्दा कम हिस्सा रुकुमपुर्वको रहेको छ (तालिका ३.४)।

**तालिका ३.४: पशुपन्छीजन्य तथा माछा उत्पादन र जिल्लागत हिस्सा (प्रतिशतमा)**

| जिल्ला | दुध | | मासु | | अण्डा | | माछा | |
|---|---|---|---|---|---|---|---|---|
| | उत्पादन (हजार.लि.) | हिस्सा (प्रतिशत) | उत्पादन (मे.टन) | हिस्सा (प्रतिशत) | उत्पादन (हजार.गोटा) | हिस्सा (प्रतिशत) | उत्पादन (मे.टन) | हिस्सा (प्रतिशत) |
| रुकुमपूर्व | ३९३८ | ०.७४ | १८०२.०० | २.०४ | १७६०.०० | ०.७६ | ०.५५ | ०.००३ |
| रोल्पा | १६६३१ | ३.१४ | ३३०९.०० | ३.७४ | ३३८१.०० | १.४६ | ९.३८ | ०.०५ |
| प्यूठान | १७१७७ | ३.२५ | ४३२०.१२ | ४.८९ | ११८२१.८० | ५.०९ | ११.०० | ०.०६ |
| गुल्मी | २०७५५ | ३.९२ | ४८४३.६६ | ५.४८ | ११७०३.५० | ५.०४ | २०.७० | ०.१२ |
| अर्घाखाँची | ३६११५ | ६.८३ | ३७७३.२५ | ४.२७ | ७७३८.२६ | ३.३३ | ५.९३ | ०.०३ |
| पाल्पा | ५३४३१ | १०.१० | १०५७३.०१ | ११.९६ | १७८४१.९७ | ७.६८ | ७.७३ | ०.०४ |
| नवलपरासी (ब.सु.प.) | २९७५५ | ५.६२ | ४५२५.०० | ५.१२ | ६९७०.०० | ३.०० | १३८६.४० | ७.७१ |
| रुपन्देही | ११६५८३ | २२.०३ | १५९०३.०० | १७.९९ | १६६३८.०० | ७.१७ | ७२८४ | ४०.५३ |
| कपिलवस्तु | ५९७९० | ११.३० | ८५१७.०० | ९.६४ | ७३९१.०० | ३.१८ | ३९३७ | २१.९१ |
| दाङ | ३५३५८ | ६.६८ | १०८६६.०० | १२.२९ | ९५२२३.०० | ४१.०१ | १२४३.३८ | ६.९२ |
| बाँके | ९०६६३ | १७.१४ | १२२२३.५० | १३.८३ | ३०२९४.०० | १३.०५ | १७६१ | ९.८० |
| बर्दिया | ४८९११ | ९.२४ | ७७४०.०० | ८.७६ | २१४४७.०० | ९.२४ | २३०५ | १२.८३ |
| **कुल** | **५२९१०७** | **१००** | **८८३९५.५४** | **१००** | **२३२२०९.५३** | **१००** | **१७९७२.०७** | **१००** |

*स्रोत: अध्ययनमा समेटिएका भेटेरिनरी अस्पतालहरु*

## ३.४ वनजन्य उत्पादन


समीक्षा वर्षमा वनजन्य उत्पादनतर्फ काठ उत्पादन गत वर्षको तुलनामा २.३४ प्रतिशतले वृद्धि भई ३७ लाख ५३ हजार ९ सय ५९ क्यूविक फिट पुगेको छ। दाउरा उत्पादन १७.०९ प्रतिशतले वृद्धि भई ९ हजार ९ सय ९० चट्टा पुगेको छ। गत वर्ष काठको उत्पादन १३.२५ प्रतिशत र दाउराको उत्पादन २१.२५ प्रतिशतले बढेको थियो। त्यसैगरी, समीक्षा वर्षमा औषधीजन्य वस्तु उत्पादन १.५१ प्रतिशतल वृद्धि भएको छ।

*स्रोत: अध्ययनमा समेटिएका वन कार्यालयहरु*

## ३.५ सिँचाई

समीक्षा वर्षमा यस प्रदेशको कुल सिँचित क्षेत्रफल गत वर्षको तुलनामा १.१४ प्रतिशतले ह्रास भई २ लाख ४९ हजार ३ सय ६ हेक्टर पुगेको छ। गत वर्षमा यस्तो क्षेत्रफल १.४६ प्रतिशतले वृद्धि भएको थियो। २०८२ असार मसान्तसम्म यस प्रदेशको कुल खेती गरिएको क्षेत्रफलमा ५९.९४ प्रतिशत मात्र सिँचाइ सुविधा पुगेको छ। सिँचाईका स्रोतहरुमध्ये सबैभन्दा बढी योगदान नहरको ५९.८४ प्रतिशत र सबैभन्दा कम पोखरीको ०.६८ प्रतिशत रहेको छ (चार्ट :३.२)।

चार्ट ३.२: सिंचित क्षेत्रफलमा स्रोतको हिस्सा (प्रतिशत)




*स्रोत: अध्ययनमा समेटिएका सिँचाइ कार्यालयहरु*

## ३.६ क्षेत्रगत कृषि कर्जा

लुम्बिनी प्रदेशमा २०८२ असार मसान्तमा कृषि क्षेत्रमा प्रवाहित कुल कृषि कर्जा २०८१ असार मसान्तको तुलनामा ३.४६ प्रतिशतले ह्रास भई रु.५० अर्ब ६६ करोड ७२ लाख रहेको छ । २०८२ असार मसान्तमा यस प्रदेशमा प्रवाह भएको कुल कर्जामा कृषि कर्जाको हिस्सा ८.७८ प्रतिशत रहेको छ । त्यसैगरी, कृषि क्षेत्रमा प्रवाहित कर्जाको जिल्लागत विश्लेषण गर्दा सबैभन्दा धेरै हिस्सा रुपन्देही जिल्लाको ४३.८० प्रतिशत रहेको छ भने सबैभन्दा कम रुकुमपूर्व जिल्लाको ०.४० प्रतिशत रहेको छ (तालिका ३.४) ।

**तालिका ३.५: कृषि कर्जाको जिल्लागत स्थिति (प्रतिशतमा)**

| जिल्ला | कर्जा (रु.दश लाख) | हिस्सा | जिल्ला | कर्जा (रु.दश लाख) | हिस्सा |
|---|---|---|---|---|---|
| रुकुमपूर्व | २००.६५ | ०.४० | नवलपरासी(ब.सु.प.) | ४१५७.०३ | ८.२० |
| रोल्पा | ३५१.११ | ०.६९ | रुपन्देही | २२१९१.८१ | ४३.८० |
| प्युठान | ६६९.५८ | १.३२ | कपिलवस्तु | ५१९५.०८ | १०.२५ |
| गुल्मी | ५९१.५२ | १.१७ | दाङ | ७११५.२८ | १४.०४ |
| अर्घाखाँची | ४०५.७४ | ०.८० | बाँके | ६०११.६३ | ११.८६ |
| पाल्पा | ११३५.३९ | २.२४ | बर्दिया | २६४२.३८ | ५.२२ |
| **कुल कृषि कर्जा** | | | | **५०६६७.२१** | **१००** |

*स्रोत: नेपाल राष्ट्र बैंक*

## ३.७ कृषि क्षेत्रका चुनौती र सम्भावना

### ३.७.१ चुनौती

१. यस प्रदेशमा परम्परागत रुपमा खेती गरिदै आएको तथा हालका दिनहरुमा आधुनिक प्रविधिको प्रयोग बढ्दै गएको भएतापनि सिंचाई सुविधाको अभाव, गुणस्तरीय बीउविजन समयमा नै प्राप्त नहुने तथा रासायनिक मलको न्यून उपलब्धताको कारण कृषि उत्पादकत्व बढाउन निकै चुनौती रहेको छ ।

२. कृषि तथा पशुजन्य उत्पादनहरुले उचित मूल्य नपाउने, कृषि उपज भण्डारणका लागि शीत भण्डार तथा कृषि उत्पादनलाई प्रशोधन गर्ने उद्योगको अभावका कारण उत्पादन नबिक्ने तथा बिग्रने भएकाले कृषि पेशामा संलग्न कृषकलाई टिकाइराख्न तथा नयाँलाई यस पेशातर्फ आर्कषित गर्न चुनौती रहेको छ ।
३. पशुपन्छी तथा माछापालनको लागि आवश्यक दाना सुलभ मूल्यमा उपलब्धता गराई पशुपन्छीजन्य उत्पादन तथा माछाको प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्न चुनौती रहेको छ ।
४. कृषि बालीमा बाँदर, बँदेल, नीलगाई, दुम्सी लगायतका वन्यजन्तुहरुका कारणबाट हुने क्षतिलाई न्यूनीकरण गर्नु चुनौतीपूर्ण देखिन्छ ।
५. पशुपन्छीजन्य विभिन्न रोगको महामारी, प्राकृतिक प्रकोपका कारण हुने समस्याको सम्बोधन गर्न चुनौती रहेको छ ।
६. प्राकृतिक विपत्ति तथा जलवायु परिवर्तनका कारण हुने हानि-नोक्सानीको न्यूनीकरण गर्नु चुनौतीपूर्ण देखिन्छ ।
७. कृषि पेशा तथा पशुपालन व्यवसायलाई सम्मानित पेशाको रुपमा विकास गरी युवा जनशक्तिलाई यस क्षेत्रमा आर्कषित गर्नु चुनौती रहेको छ ।

**३.७.१ सम्भावना**

१. यस प्रदेशमा सिँचाइमा सुधार, कृषि वन प्रवर्द्धन, माछा उत्पादनको लागि कृत्रिम जलाशय विस्तार गर्ने जस्ता कार्यक्रमहरु रहेको हुँदा प्रदेशको कृषि, वनजन्य तथा पशुपन्छीजन्य उत्पादनहरु बढ्न सक्ने अवस्था रहेको छ ।
२. भौगोलिक विविधतायुक्त यस प्रदेशमा पशुपन्छीका लागि अनुकूल वातावरण रहेका कारण खाद्यान्न, तरकारी, फलफूल तथा पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भर भई निकासी गर्न सकिने अवस्था रहेको छ ।
३. निजी जग्गामा समेत टिमुर, तेजपात, अमला, सुगन्धकोकीला लगायतका जडिबुटी खेतीतर्फ किसानहरु आकर्षित भएकोले जडिबुटीजन्य उत्पादन तथा उद्योग स्थापनामा वृद्धि हुन सकिने अवस्था रहेको छ ।
४. कृषिको लागि समयमै उन्नत बीउविजन तथा मलको उपलब्धता, सिँचाई सुविधा, कृषि तथा पशुपालन व्यवसायमा देखिने रोगहरुको समयमै रोकथाम तथा नियन्त्रण, पहाडी भागहरुमा बाँदर, बदेल तथा अन्य वन्यजन्तुबाट कृषि तथा पशुपालनमा हुने क्षतिलाई नियन्त्रण गर्न सकेको खण्डमा कृषि तथा पशुजन्य उत्पादन र उत्पादकत्वमा वृद्धि हुने सम्भावना रहेको छ ।
५. देशमा रहेका युवा जनशक्ति तथा विदेशबाट फर्किएका व्यक्तिहरुलाई आर्थिक एवम् प्राविधिक सहजीकरण मार्फत् कृषि तथा पशुपालन व्यवसायमा संलग्न हुने वातावरणको सृजना गर्न सकेमा यस क्षेत्रबाट भइरहेको मानवीय पलायनलाई रोकी कृषि उत्पादनलाई बढाउन सकिने अवस्था रहेको छ ।
६. सहज रुपमा कृषि कर्जाको उपलब्धता, प्रभावकारी कृषि विमा तथा कृषि नीतिलाई व्यवहारिक रुपमा प्रयोग गरी सकेमा कृषिलाई परम्परागत खेतीबाट व्यावसायिक खेतीतर्फ रुपान्तरण गर्न सकिने सम्भावना छ ।

## परिच्छेद ४: उद्योग क्षेत्र

### लुम्बिनी प्रदेशको औद्योगिक अवस्था

आर्थिक वर्ष २०८१/८२ मा लुम्बिनी प्रदेशको कुल ग्राहस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा करिव रु.८ खर्ब ६९ अर्ब रहने प्रारम्भिक अनुमान रहेको छ जसमा उद्योग क्षेत्रको हिस्सा १४.०० प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ । उद्योग विभागका अनुसार २०८२ असार मसान्तसम्ममा लुम्बिनी प्रदेशमा रु.३ खर्ब २७ अर्ब ५७ करोडको लगानीमा जम्मा ७५६ वटा उद्योगहरु दर्ता भएका छन् । उक्त उद्योगहरुले जम्मा ७६,०८० जनालाई रोजगारी प्रदान गरेका छन् । लुम्बिनी प्रदेशमा रहेका उद्योगहरुको जिल्लागत हिस्सामा सबैभन्दा धेरै रुपन्देही जिल्लाको ३८.६२ प्रतिशत र सबैभन्दा कम प्यूठान र रोल्पा जिल्लाको ०.४० प्रतिशत रहेको छ (तालिका ४.१) । यस प्रदेशमा रहेको बुटवल औद्योगिक क्षेत्रमा ६६ र नेपालगञ्ज औद्योगिक क्षेत्रमा ३१ वटा उद्योगहरु सञ्चालनमा रहेका छन् । बुटवल औद्योगिक क्षेत्रमा ३ वटा उद्योगहरु र नेपालगञ्ज औद्योगिक क्षेत्रमा ३ वटा उद्योगहरु बन्द अवस्थामा रहेका छन् । त्यसैगरी, रुपन्देही जिल्लामा रहेको विशेष आर्थिक क्षेत्र (SEZ) मा हाल ११ वटा उद्योगहरु सञ्चालनमा रहेका छन् भने २ वटा सञ्चालन हुने क्रममा छन् । यस प्रदेशमा थप औद्योगिक क्षेत्र स्थापना गर्ने उद्देश्यले रुपन्देही जिल्लाको मोतीपुर औद्योगिक क्षेत्र र बाँके जिल्लाको नौवस्ता औद्योगिक क्षेत्रको शिलान्यास भई निर्माण कार्य अगाडि बढेको छ ।

**तालिका ४.१: उद्योगको जिल्लागत अवस्था**


| जिल्ला | उद्योग संख्या | रोजगारी संख्या | कुल पुँजी (रु. दश लाखमा) |
|---|---|---|---|
| रुपन्देही | २९२ | २६,८७० | १,०३,७४८.४६ |
| नवलपरासी | १८४ | १८,५५५ | १०,२१३५.०४ |
| कपिलवस्तु | ६२ | ७,५५३ | ३९,१७६.४४ |
| अर्घाखाँची | ५ | ४१८ | ४,८२१.८४ |
| पाल्पा | १२ | ७७७ | ३,०५१.३३ |
| गुल्मी | ६ | ११९ | २,०५९.८३ |
| प्यूठान | ३ | २३२ | ५४०.०० |
| रोल्पा | ३ | ४,०६६ | १,०२२.७९ |
| बाँके | १०७ | ९,१११ | २२,८७९.६१ |
| बर्दिया | २८ | १,७०५ | ७,९३६.२४ |
| दाङ | ४९ | ६,३४० | ३४,०८७.९८ |
| रुकुम | ५ | ३३४ | ६,११०.४४ |
| **जम्मा** | **७५६** | **७६,०८०** | **३,२७,५७०** |

*स्रोत :उद्योग विभाग (नवलपरासी अन्तर्गत नवलपरासी (ब.सु.पू.) र नवलपरासी (ब.सु.प.) जिल्लाहरु समावेश छन् भने रुकुम अन्तर्गत पश्चिम र पूर्वी रुकुम समावेश गरिएका छन् । )*

### ४.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा रोजगारी क्षमता उपयोग

अध्ययनमा समेटिएका २८ उद्योगहरुको समीक्षा वर्षमा औसत क्षमता उपयोग ५०.६० प्रतिशत रहेको छ । गत वर्ष यस्तो क्षमता उपयोग ५६.३६ प्रतिशत रहेको थियो । अध्ययनमा समेटिएका उद्योगहरुमध्ये सबैभन्दा बढी रोजिन उत्पादन गर्ने उद्योगले ८८.६९ प्रतिशत र सबैभन्दा कम ड्राई सिरप उत्पादन गर्ने उद्योगले ८.६४ प्रतिशत क्षमता उपयोग गरेका छन् (चार्टः ४.१) ।

**चार्ट ४.१: औद्योगिक क्षमता उपयोग (प्रतिशत)**




*स्रोत: अध्ययनमा समेटिएका उद्योगहरु*

### औद्योगिक उत्पादनको अवस्था

समीक्षा वर्षमा नमूना छनौटमा परेका उद्योगहरुमध्ये गत वर्षको तुलनामा सबैभन्दा बढी सिन्थेटिक कपडाको उत्पादन १७०.७७ प्रतिशतले वृद्धि भएको छ भने सबैभन्दा बढी ह्रास आल्मुनियमका सामान (विभिन्न साइजका प्रेसर कुकर) को उत्पादन ६७.०१ प्रतिशतले भएको छ । आल्मुनियम उत्पादन गर्ने नमूनामा छनौट भएको उद्योग मिति २०८१ फागुन २८ मा प्रा.लि. मा दर्ता भई सो मिति पश्चात २०८२ असार मसान्तसम्मको उत्पादनलाई मात्र गणना भएकाले उत्पादनमा कमी देखिएको हो । (तालिका ४.२)।

**तालिका ४.२: औद्योगिक उत्पादन**

| उत्पादन | प्रतिशत परिवर्तन | उत्पादन | प्रतिशत परिवर्तन | उत्पादन | प्रतिशत परिवर्तन | उत्पादन | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|---|
| साबुन | १०.६१ | चाउचाउ | -४७.०१ | ट्याबलेट | १.८८ | चामल | १.४६ |
| सिन्थेटिक कपडा | १७०.७७ | प्लाष्टिकका सामान | १३.८२ | क्यापसुल | ११.७० | प्लाईउड | १२.३१ |
| मदिरा | १.६४ | ओईन्टमेण्ट | -६.७४ | आल्मुनियम | -६७.०१ | बिजुलीको तार | १३४.७४ |
| फलामको छड,पत्ती | ४.४७ | तोरीको तेल | -१.४७ | रोजिन | -४.०४ | कंक्रीट | ११.८० |
| कागज | -१८.७५ | सिमेण्ट | २१.०१ | लिक्युड | २.७५ | चप्पल | २६.२२ |
| ड्राई सिरप | ६३.०८ | पशुदाना | ३.८५ | गहुँको पिठो | ४.०२ | | |

*स्रोत: अध्ययनमा समेटिएका उद्योगहरु*

### रोजगारी

अध्ययनमा समेटिएका २८ वटा उद्योगहरुबाट प्राप्त तथ्याङ्क अनुसार समीक्षा वर्षमा महिला ६४१ र पुरुष ४४५३ गरी जम्मा ४९८८ जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् भने गत वर्ष जम्मा ५,०९४ जनाले प्रत्यक्ष रोजगारी पाएका थिए ।

## ४.२ क्षेत्रगत औद्योगिक कर्जा

लुम्बिनी प्रदेशका बैंक तथा वित्तीय संस्थाले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा २०८२ असार मसान्तमा २०८१ असार मसान्तको तुलनामा ६.९३ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ४१ अर्ब २ करोड ६० लाख पुगेको छ। २०८१ असार मसान्तमा पनि यस्तो कर्जा अघिल्लो वर्षको तुलनामा ४.४३ प्रतिशतले वृद्धि भएको थियो। २०८२ असार मसान्तमा कुल औद्योगिक कर्जामध्ये कृषि, विद्युत/ग्यास/पानी, खानी, र धातुका सामान उत्पादन सम्बन्धी उद्योगमा प्रवाह भएको कर्जामा वृद्धि भएको छ भने गैर खाद्य वस्तु र निर्माण क्षेत्रमा प्रवाह भएको कर्जामा ह्रास आएको छ।

२०८२ असार मसान्तमा यस प्रदेशमा प्रवाह भएको कुल कर्जामा औद्योगिक कर्जाको हिस्सा २४.४३ प्रतिशत रहेको छ। प्रवाहित कुल औद्योगिक कर्जामध्ये सबैभन्दा बढी कृषि,बन तथा पेय पदार्थ उत्पादन सम्बन्धी उद्योगहरुमा ४३.६३ प्रतिशत रहेको छ भने सबैभन्दा कम विद्युत/ग्यास/पानी सम्बन्धी उद्योगमा १.०० प्रतिशत रहेको छ। (तालिका ४.३)

**तालिका ४.३: कुल औद्योगिक कर्जा तथा क्षेत्रगत हिस्सा (प्रतिशत) (रु.दश लाखमा )**

| विवरण | २०८० असार मसान्त | २०८१ असार मसान्त | २०८२ असार मसान्त | प्रतिशत परिवर्तन २०८१ | प्रतिशत परिवर्तन २०८२ | हिस्सा |
|---|---|---|---|---|---|---|
| खानी | ११९७.३२ | १,१७३.७० | १५७६.९३ | -१.९७ | ३४.३५ | १.१२ |
| कृषि/वन/पेय | ४६००६.७१ | ५२,९९९.७२ | ६१,५३२.२० | १५.२० | १६.१० | ४३.६३ |
| गैरखाद्य वस्तु | ५२९९६.८८ | ५६,३४६.०६ | ५५,००२.६५ | ६.३२ | -२.३८ | ३९.०० |
| निर्माण | १४७०१.६१ | १२,८२५.७७ | १२,११७.८६ | -१२.७६ | -५.५२ | ८.५९ |
| विद्युत/ग्यास/पानी | ३७११.०१ | १०६९.५५ | १,४०८.३४ | -७१.१८ | ३१.६७ | १.०० |
| धातुका उत्पादन/मेशिनरी/ईलेक्ट्रोनिक्स | ७६७१.८९ | ७,४७२.०३ | ९,३८८.१७ | -२.६ | २५.६४ | ६.६६ |
| **जम्मा** | **१२६२८५.३४** | **१३१८८६.४१** | **१,४१,०२६.१५** | **४.४३** | **६.९३** | |

*स्रोत: नेपाल राष्ट्र बैंक*

## ४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना

### चुनौती

१. नियमित विद्युत प्रवाहमा हुने अवरोध, कच्चा पदार्थको सहज उपलब्ध नहुने कारणले उद्योगहरु पूर्ण क्षमतामा संचालन हुन नसकिरहेकोले सो अवरोधको व्यवस्थापन गरी उद्योगलाई पूर्ण क्षमतामा सञ्चालन गर्ने वातावरण बनाउनु चुनौती रहेको छ।

२. नेपालका युवा तथा दक्ष जनशक्ति विदेश पलायन हुने क्रम बढीरहेको अवस्थामा युवा तथा दक्ष जनशक्तिलाई विदेश पलायन हुनबाट रोकी स्वदेशी उद्योगमा जनशक्तिको रुपमा प्रयोग गर्नु चुनौतीपूर्ण देखिन्छ।

३. बदलिदो अस्थिर राज्य व्यवस्था, निरन्तर हुने आन्दोलनका कार्यक्रमले उद्योग व्यवसायलाई नकरात्मक प्रभाव पार्ने भएकाले उक्त वातावरणमा समेत उद्योग व्यवसायलाई सञ्चालन गर्न चुनौती रहेको छ।

४. पछिल्लो समयमा देखिएको आर्थिक सुस्तता, बजार माग बढ्न नसकेको, गुणस्तरीय उर्जाको अभावले सिमेन्ट उत्पादन गर्ने उद्योगहरुलाई प्रभाव पारेकोले व्यवसायीहरुको मनोवल उच्च बनाइराख्नु चुनौतीपूर्ण देखिन्छ ।

५. यस प्रदेशमा संचालनमा रहेको औद्योगिक क्षेत्र र भैरहवास्थित विशेष आर्थिक क्षेत्र (SEZ) लाई पुर्ण क्षमतामा सञ्चालन गरी आयात प्रतिस्थापन र निर्यातमा वृद्धि गर्नु चुनौतीपूर्ण देखिन्छ ।

**सम्भावना**

१. रुपन्देहीको मोतिपुर तथा बाँकेको नौवस्तामा पूर्वाधार सहितको औद्योगिक क्षेत्र स्थापना भएमा नयाँ उद्यमीहरुलाई उद्योग सञ्चालन गर्न प्रोत्साहन मिल्ने देखिन्छ ।

२. यस प्रदेशमा प्रयाप्त चुनढुंगा खानी रहेको र चुनढुंगाको गुणस्तर समेत राम्रो भएकोले सिमेन्ट तथा क्लिकंर उत्पादन गरी भारतीय बजारमा निर्यात गर्न सकिने सम्भावना रहेको छ ।

३. यस प्रदेशका पहाडी र हिमाली जिल्लाहरुमा प्रशस्त मात्रामा जडिबुटी पाईने हुँदा जडिबुटी प्रशोधन उद्योगहरुको विस्तार हुन सक्ने ।

४. हाल ऋणको व्याजदर घटिरहेकोले उद्योगी तथा व्यवसायीहरुलाई थप पुजी परिचालन गरी नयां उद्योग स्थापना गर्न वा क्षमता अभिवृद्धि गर्न सहज भएको कारण थप उद्योगहरु स्थापना हुन सक्ने ।

५. यस प्रदेशमा रहेका राष्ट्रिय निकुञ्जहरुमा वन पर्यटनको सम्भावना रहनुका साथै वनजन्य उत्पादन (जस्तैः बाँस, बेतबास, अम्रिसो) सम्बन्धी उद्योगहरु स्थापना हुन सक्ने ।

# परिच्छेद ५: सेवा क्षेत्र

लुम्बिनी प्रदेशको आर्थिक विकासमा सेवा क्षेत्रको महत्वपूर्ण योगदान रहेको छ। यस प्रदेशको आर्थिक वर्ष २०८१/८२ को कुल गार्हस्थ उत्पादनमा सेवा क्षेत्रको योगदान ५५ प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ। यस परिच्छेदमा लुम्बिनी प्रदेशको पर्यटन, सार्वजनिक निर्माण तथा रियलस्टेट, वित्तीय सेवा, यातायात, शिक्षा, स्वास्थ्य लगायत अन्य सेवा क्षेत्रको स्थितिको विश्लेषण गर्नुको साथै ती क्षेत्रमा देखिएका चुनौती तथा सम्भावनाहरु समेटिएका छन्।

## ५.१ पर्यटन

आर्थिक वर्ष २०८१/८२ मा यस प्रदेश अन्तर्गत नमुना छनोटमा समावेश गरिएका १० होटलहरुमा ८ सय ३३ शैया संख्या रहेको छ भने शैया बिक्री संख्या ९४ हजार ४ सय ३५ रहेको छ। त्यसैगरी, उक्त होटलहरुमा भारत, चीन तथा तेस्रो मुलुकबाट आएका पर्यटकको संख्या ४६ हजार ५ सय १९ रहेको छ। समग्रमा होटलहरुको अकुपेन्सी दर ३१.०६ रहेको छ। आ.व.२०८०/८१ को तुलनामा समीक्षा वर्षमा होटल शैया संख्या, शैया बिक्री संख्या र पर्यटक आगमन संख्यामा क्रमशः ३४.२० प्रतिशत, ४५.७४ प्रतिशत र ६१.७८ प्रतिशतले कमी आएको छ।

**तालिका ५.१: पर्यटक आगमन, रोजगारी तथा होटल अकुपेन्सी दर**

| विवरण | आ.व.२०७९/८० (साउन-असार) | आ.व.२०८०/८१ (साउन-असार) | आ.व.२०८१/८२ (साउन-असार) | प्रतिशत परिवर्तन समीक्षा वर्ष |
|---|---|---|---|---|
| होटल शैयाको | ११७१ | १२६६ | ८३३ | - ३४.२० |
| कोठा/शैया बिक्री | १३८६१८ | १७४०३० | ९४४३५ | - ४५.७४ |
| प्रत्यक्ष रोजगारी | ७५७ | ९५६ | ५९९ | - ३७.३४ |
| **अकपेन्सी दर#** | ३२.४३ | ३७.६६ | ३१.०६ | - १७.५३ |
| पर्यटक आगमन | १३०७२८ | १२१७१५ | ४६५१९ | - ६१.७८ |
| भारत | ९२४४२ | ८२७४८ | २९६६१ | - ६४.१६ |
| चीन | ५२४३ | ९४१७ | ३३५९ | - ६४.३३ |
| तेस्रो मुलुक | ३३०४३ | २९५५० | १३४९९ | - ५४.३२ |

*स्रोतः नमूना छनौटमा परेका होटल*

आर्थिक वर्ष २०८०/८१ मा नमुना छनोटमा समावेश गरिएका १५ होटलहरुबाट प्राप्त तथ्याङ्क समावेश गरिएकोमा समीक्षा वर्षमा १० होटलहरुबाट प्राप्त तथ्याङ्क मात्र समावेश गरिएकाले समीक्षा वर्षमा होटल शैया संख्या, शैया बिक्री संख्या र पर्यटक आगमन संख्यामा ह्रास देखिएको हो। समीक्षा वर्षमा नमुना छनोटमा समावेश गरिएका होटलहरुमा ४१९ पुरुष र १८० महिला गरी कुल ५९९ जनाले रोजगारी प्राप्त गरेका छन्।

## ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा वर्षमा घरजग्गा रजिष्ट्रेशन सङ्ख्या ४२.८२ प्रतिशतले वृद्धि भएको छ भने घरजग्गा रजिष्ट्रेशनबापतको राजस्व रकम गत वर्षको तुलनामा ५.४५ प्रतिशतले ह्रास भएको छ। गत वर्ष राजश्व रकम ३०.७९ प्रतिशतले ह्रास भएको थियो। त्यसैगरी, समीक्षा वर्षमा लुम्बिनी प्रदेशका ३१ वटा नगरपालिकाबाट उपलब्ध तथ्याङ्क अनुसार ४६५१ घर/भवनका स्थायी नक्सा पास भएका छन्। गत वर्षको तुलनामा यो १२.६१ प्रतिशतले कम हो। सम्पुर्ण नगरपालिकाबाट तथ्याङ्क प्राप्त नभएका कारण समीक्षा वर्षमा घर/भवन पास संख्यामा कमी देखिन गएको हो (तालिका ५.२)।

**तालिका ५.२: सार्वजनिक निर्माण तथा रियलस्टेट**

| विवरण | आ.व.२०७८/७९ (साउन-असार) | आ.व.२०८०/८१ (साउन-असार) | आ.व.२०८१/८२ (साउन-असार) | गत वर्षको प्रतिशत परिवर्तन | समीक्षा वर्षको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| घरजग्गा रजिष्ट्रेशन सङ्ख्या | ९७१२०.०० | ७४६५०.०० | १०६६१७.०० | – २३.१४ | ४२.८२ |
| घर/भवन स्थायी नक्सा पास सङ्ख्या | ६०६६.०० | ५३२२.०० | ४६५१.०० | – १२.२७ | – १२.६१ |
| घरजग्गा रजिष्ट्रेशन राजस्व (रु. दश लाखमा) | ४६८५.०४ | ३२४२.५३ | ३०६५.९१ | – ३०.७९ | – ५.४५ |

*स्रोतः जिल्लामा रहेका मालपोत कार्यालयहरु तथा उप-महानगरपालिका/नगरपालिका*

## ५.३ वित्तीय सेवा

### बैंक तथा वित्तीय संस्था एवम् वित्तीय सेवाको अवस्था

नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभागबाट प्राप्त तथ्याङ्क अनुसार २०८२ असार मसान्तसम्ममा यस प्रदेशमा क वर्गका ७४८, ख वर्गका २५६, ग वर्गका ४७ र घ वर्गका १०९६ गरी जम्मा २१४७ वटा बैंक तथा वित्तीय संस्थाहरुका शाखाहरु र १६२ वटा शाखा रहित बैंकिङ्ग सेवाबाट वित्तीय सेवा उपलब्ध गराएका छन् । त्यसैगरी, बैंक तथा वित्तीय संस्थाहरुमा ४५ लाख ३० हजार २ सय ८४ मोबाईल बैंकिङ्ग सेवा र ३ लाख ३३ हजार ६ सय ८५ ईन्टरनेट बैंकिङ्ग सेवा दर्ता भएका छन् (तालिकाः ५.३) ।

**तालिका ५.३: बैंक तथा वित्तीय संस्था एवम् वित्तीय सेवाको अवस्था**

| जिल्ला | शाखा संख्या | हिस्सा | शाखा रहित बैंकिङ्ग सेवा | हिस्सा | मोबाईल बैंकिङ्ग | हिस्सा | ईन्टरनेट बैंकिङ्ग दर्ता सङ्ख्या | हिस्सा |
|---|---|---|---|---|---|---|---|---|
| रुपन्देही | ५२७ | २४.५५ | १९ | ११.७३ | १४८२४९० | ३२.७२ | १४९०४१ | ४५ |
| कपिलवस्तु | २२१ | १०.२९ | ८ | ४.९४ | ३८०३३५ | ८.४० | २७११८ | ८.१ |
| नवलपरासी (ब.सु.प.) | १८१ | ८.४३ | ८ | ४.९४ | ३४५८८९ | ७.६४ | २८३१२ | ८.५ |
| पाल्पा | १२४ | ५.७८ | १६ | ९.८८ | २२५९९२ | ४.९९ | २१७७७ | ६.५ |
| गुल्मी | ११५ | ५.३६ | ४२ | २५.९३ | २०४६८९ | ४.५२ | १०५३१ | ३.२ |
| अर्घाखाँची | ६६ | ३.०७ | १४ | ८.६४ | १३५४३४ | २.९९ | ९५५० | २.९ |
| रोल्पा | ६१ | २.८४ | ६ | ३.७० | ८७३३३ | १.९३ | ८७९२ | २.६ |
| प्यूठान | ७९ | ३.६८ | | | १२०५५४ | २.६६ | ६८१४ | २ |
| बाँके | २४६ | ११.४६ | १७ | १०.४९ | ५७०७०४ | १२.६० | ३२३७३ | ९.७ |
| बर्दिया | २१८ | १०.१५ | ८ | ४.९४ | २८३५५६ | ६.२६ | ६४३८ | १.९ |
| दाङ | २९१ | १३.५५ | १९ | ११.७३ | ६७२५६४ | १४.८५ | ३२५८८ | ९.८ |
| रुकुमपूर्व | १८ | ०.८४ | ५ | ३.०९ | २०७४४ | ०.४६ | ३५१ | ०.१ |
| **जम्मा** | २१४७ ० | १०० | १६२ | १०० | ४५३०२८४ | १०० | ३३३६८५ | १०० |

*स्रोतः नेपाल राष्ट्र बैंक*

### कुल निक्षेप

२०८२ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुले यस प्रदेशबाट संकलन गरेको कुल निक्षेप २०८१ असार मसान्तको तुलनामा १५.४३ प्रतिशतले वृद्धि भई रु.६ खर्ब ६० अर्ब १० करोड ३२ लाख पुगेको छ । जसमध्ये चल्ती निक्षेप ३३.१५ प्रतिशत, बचत निक्षेप ३५.१२ प्रतिशत र अन्य बचत २१.०५ प्रतिशतले वृद्धि भएको छ भने

मुद्धती निक्षेप भने ६.४७ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, कुल निक्षेपमा चल्ती, बचत, मुद्धती र अन्य निक्षेपको अंश क्रमशः ६.५१ प्रतिशत, ५१.३३ प्रतिशत, ३६.७१ प्रतिशत र ५.४६ प्रतिशत रहेको छ। जिल्लाहरुको कुल निक्षेपको अवस्था तुलना गर्दा सबैभन्दा धेरै हिस्सा रुपन्देही जिल्लामा ४२.३३ प्रतिशत रहेको छ भने सबैभन्दा कम रुकुमपूर्व जिल्लामा ०.३८ प्रतिशत रहेको छ (तालिका ५.४)।

### कुल कर्जा

२०८२ असार मसान्तमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कर्जा २०८१ असार मसान्तको तुलनामा २.९२ प्रतिशतले वृद्धि भई रु.५ खर्ब ७७ अर्ब २७ करोड ६० लाख पुगेको छ। त्यसैगरी, २०८१ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाको यस प्रदेशको कर्जा/निक्षेप अनुपात ८७.४५ प्रतिशत रहेको छ । कुल कर्जाको जिल्लागत अवस्था तुलना गर्दा सबैभन्दा धेरै हिस्सा रुपन्देही जिल्लाको ५०.४६ प्रतिशत रहेको छ भने सबैभन्दा कम रुकुमपूर्व जिल्लाको ०.२३ प्रतिशत रहेको छ। त्यसैगरी, कर्जा/निक्षेप अनुपात सबैभन्दा धेरै बाँके जिल्लामा १३३.४९ प्रतिशत रहेको छ भने सबैभन्दा कम अर्घाखाँची जिल्लामा १४.४१ प्रतिशत रहेको छ। २०८२ असार मसान्तमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुका ऋणीहरुको सङ्ख्या २०८१ असार मसान्तको तुलनामा सामान्य ह्रास भएको छ (तालिका ५.४)।

**तालिका ५.४: जिल्लागत निक्षेप, कर्जा र कर्जा/निक्षेप अनुपातको अवस्था (रु.दश लाखमा)**

| जिल्ला | कुल निक्षेप | कुल निक्षेपको अंश (प्रतिशतमा) | कुल कर्जा | कुल कर्जाको अंश (प्रतिशतमा) | कर्जा/निक्षेप अनुपात (प्रतिशतमा) |
|---|---|---|---|---|---|
| रुकुमपूव | २५२६.७३ | ०.३८ | १३३७.५७ | ०.२३ | ५२.९४ |
| रोल्पा | ९७६४.३९ | १.४८ | ३५२२.८० | ०.६१ | ३६.०८ |
| प्यूठान | १५४७८.२३ | २.३४ | ६३६८.५९ | १.१० | ४१.१५ |
| गुल्मी | ३८१८१.०१ | ५.७८ | ६७६९.०१ | १.१७ | १७.७३ |
| अर्घाखाँची | २४२७५.७९ | ३.६८ | ३४९९.०१ | ०.६१ | १४.४१ |
| पाल्पा | ३९४३७.१८ | ५.९७ | ११३०५.९९ | १.९६ | २८.६७ |
| नवलपरासी ( | ३६२९९.८७ | ५.५० | ३६८७८.१९ | ६.३९ | १०१.५९ |
| रुपन्देही | २७९३९५.८४ | ४२.३३ | २९१३१२.७७ | ५०.४६ | १०४.२७ |
| कपिलवस्तु | ४४८५२.५१ | ६.७९ | ३१२२५.०५ | ५.४१ | ६९.६२ |
| दाङ | ७७९७६.२३ | ११.८१ | ७२२९९.०८ | १२.५२ | ९२.७२ |
| बाँके | ७१०५१.२२ | १०.७६ | ९४८४७.०८ | १६.४३ | १३३.४९ |
| बर्दिया | २०८६४.२२ | ३.१६ | १७९१०.९५ | ३.१० | ८५.८५ |
| **लुम्बिनी प्रदेश** | **६६०१०३.२२** | **१००** | **५७७२७६.०९** | **१००** | **८७.४५** |

*स्रोतः नेपाल राष्ट्र बैंक*

### विपन्न वर्ग कर्जा

२०८२ असार मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाहरुले यस प्रदेशमा प्रवाह गरेको विपन्न वर्ग कर्जा २०८१ असार मसान्तको तुलनामा ३३.४४ प्रतिशतले ह्रास भई रु.२९ अर्ब ३९ करोड ५ लाख पुगेको छ। २०८१ असार मसान्तमा यस्तो कर्जा अघिल्लो वर्षको तुलनामा ५.१८ प्रतिशतले वृद्धि भएको थियो । २०८२ असार मसान्तमा यस प्रदेशको कुल कर्जामा विपन्न वर्ग कर्जाको हिस्सा ५.०९ प्रतिशत रहेको छ (तालिका ५.५)।

### पुनरकर्जा

२०८२ असार मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाहरुले यस प्रदेशमा प्रवाह गरेको पुनरकर्जा २०८१ असार मसान्तको तुलनामा १७.५३ प्रतिशतले ह्रास भई रु.१२ करोड ३४ लाख रहेको छ। २०८२ असार मसान्तमा यस प्रदेशको कुल कर्जामा पुनरकर्जाको हिस्सा ०.०२ प्रतिशत रहेको छ (तालिका ५.५)।

### सहुलियतपूर्ण कर्जा

२०८२ असार मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाहरुले यस प्रदेशमा प्रवाह गरेको सहुलियतपूर्ण कर्जा २०८१ असार मसान्तको तुलनामा ४६.७३ प्रतिशतले ह्रास भई रु.१० अर्ब १२ करोड ७९ लाख पुगेको छ। २०८२ असार मसान्तमा यस प्रदेशको कुल कर्जामा सहुलियतपूर्ण कर्जाको हिस्सा १.७५ प्रतिशत रहेको छ (तालिका ५.५)।

**तालिका ५.५: विपन्न वर्ग कर्जा, पुनरकर्जा र सहुलियपूर्ण कर्जाको जिल्लागत अवस्था (रु.दश लाखमा)**

| जिल्ला | विपन्न वर्ग कर्जा | पुनरकर्जा | सहुलियतपूर्ण कर्जा |
|---|---|---|---|
| रुकुमपूर्व | १५३.३५ | २.१० | ९.५८ |
| रोल्पा | ४१७.४२ | ०.०० | ९१.४३ |
| प्यूठान | ७८३.५८ | २१.६३ | १४६.१७ |
| गुल्मी | ७९०.८४ | ०.०० | २३७.३० |
| अर्घाखाँची | ३६७.३१ | ०.०० | १४४.३४ |
| पाल्पा | ७८४.४० | ६.८० | ३३१.१४ |
| नवलपरासी (ब.सु.प.) | २३०३.२९ | १३.२९ | ११६२.३९ |
| रुपन्देही | १५७०२.५० | ४२.६० | ३५५२.८७ |
| कपिलवस्तु | १६४६.५६ | २४.३४ | ८७०.५६ |
| दाङ | २९५८.०१ | ०.७० | १३८१.४१ |
| बाँके | २०५६.२८ | ११.०० | १६१०.६६ |
| बर्दिया | १४३१.६६ | १.०० | ५९०.०८ |
| जम्मा | २९३९५.१९ | १२३.४५ | १०१२७.९३ |
| कुल कर्जामा हिस्सा | ५.०९ | ०.०२ | १.७५ |

*स्रोत: नेपाल राष्ट्र बैंक*

## ५.४ यातायात तथा सञ्चार

### यातायात क्षेत्र

२०८२ असार मसान्तमा लुम्बिनी प्रदेशमा कुल सवारी साधनहरुको सङ्ख्या २०८१ असार मसान्तको तुलनामा ५.८० प्रतिशतले वृद्धि भई १३ लाख ७० हजार ५ सय २५ पुगेको छ। जसमध्ये मोटरसाईकलको सङ्ख्या ६.३३ प्रतिशत र अन्य सवारी साधनको सङ्ख्या ७.७० प्रतिशतले वृद्धि भएको छ। (तालिका ५.६)।

**तालिका ५.६: यातायात सेवाको अवस्था**

| विवरण | २०८० असार मसान्त | २०८१ असार मसान्त | २०८२ असार मसान्त | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | गत वर्ष | समीक्षा वर्ष |
| यातायातका साधनको कुल सङ्ख्या | १२४०६०८.०० | १२९५४३८.०० | १३७०५२५.०० | ४.४२ | ५.८० |
| मोटरसाईकल | १०७००५७.०० | १११६७९५.०० | ११८७५०९.०० | ४.३७ | ६.३३ |
| अन्य.. | १७०५५१.०० | १७८६४३.०० | १९२३९८.०० | ४.७४ | ७.७० |

*स्रोत : बुटवल, नेपालगञ्ज र दाङ यातायात व्यवस्था कार्यालय*

**सञ्चार क्षेत्र**

२०८२ असार मसान्तमा लुम्बिनी प्रदेशमा नेपाल टेलिकमद्धारा वितरित टेलिफोन सङ्ख्यामा गत वर्षको तुलनामा १६.२१ प्रतिशतले वृद्धि भई ३९ लाख ६ सय २९ पुगेको छ । त्यसैगरी, इन्टरनेट सेवा समीक्षा वर्षमा गत वर्षको तुलनामा १०.०५ प्रतिशतले वृद्धि भई ८० हजार ५ सय १ पुगेको छ (तालिका ५.७) ।

**तालिका ५.७: सञ्चार सेवाको अवस्था**

| विवरण | २०८० असार मसान्त | २०८१ असार मसान्त | २०८२ असार मसान्त | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | गत वर्ष | समीक्षा वर्ष |
| टेलिफोन सेवा | **३०२०१९९.००** | **३३५६६४४.००** | **३९००६२९.००** | ११.१४ | १६.२१ |
| स्थायी | ५४५१८.०० | ५४८००.०० | ५४८२७.०० | ०.५२ | ०.०५ |
| मोबाईल | २९६५६८१.०० | ३३०१८४४.०० | ३८४५८०२.०० | ११.३४ | १६.४७ |
| अन्य | ० | ० | ०.०० | | |
| ईन्टरनेट सेवा | **६४१६६.००** | **७३१५०.००** | **८०५०१.००** | १४.०० | १०.०५ |
| Fixed Broadband (Wired) | ६३७४९.०० | ७१४०१.०० | ७७४८५.०० | १२.०० | ८.५२ |
| Fixed Broadband (Wireless) | ०.०० | ०.०० | ०.०० | | |
| Mobile Broadband # | ४१७.०० | १७४९.०० | ३०१६.०० | ३१९.४२ | ७२.४४ |

*स्रोत : नेपाल टेलिकम लुम्बिनी प्रदेश प्रादेशिक निर्देशनालय*

# २०७९/८० बाट मात्र वितरण शुरु गरिएको

## ५.५ शिक्षा तथा स्वास्थ्य सेवा

**शिक्षा सेवा**

लुम्बिनी प्रदेशमा १८७ क्याम्पसमा जम्मा ७६,८६३ विद्यार्थीहरु अध्ययनरत रहेका छन् । त्यसैगरी, यस प्रदेशमा सामुदायिक ४,४३९ र संस्थागत १,२९६ रहेका छन् भने ३१३ प्राविधिक विद्यालय/शिक्षालय र ५,९९१ बाल विकास केन्द्रहरु रहेका छन् । (स्रोत: लुम्बिनी प्रदेश आर्थिक सर्वेक्षण २०८१/८२)

**स्वास्थ्य सेवा**

आर्थिक वर्ष २०८०/८१ मा लुम्बिनी प्रदेशमा कुल सरकारी/सामुदायिक अस्पतालहरुको संख्या ४० रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा यस्ता संस्थाहरुको संख्या १५ प्रतिशतले वृद्धि भई ४६ पुगेको छ भने शैया संख्या ७.५६ प्रतिशतले वृद्धि भई २०६२ पुगेको छ । त्यसैगरी, यस प्रदेशमा निजी अस्पतालको संख्या ७३ र शैया संख्या

३६५३ रहेको छ । सरकारी/सामुदायिक तथा निजी क्षेत्रका गरी कुल १८९४ चिकित्सक यस प्रदेशमा कार्यरत रहेका छन् (तालिका ५.८) ।

**तालिका ५.८: लुम्बिनी प्रदेशमा स्वास्थ्य सेवा**

| विवरण | आ.व २०८०/८१ | आ.व २०८१/८२ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| **१.सरकारी/सामुदायिक अस्पताल** | | | |
| अस्पताल संख्या | ४० | ४६ | १५.०० |
| चिकित्सक संख्या | ४७७ | ४८७ | २.१० |
| शैया संख्या | १९१७ | २०६२ | ७.५६ |
| **२.निजी अस्पताल** | | | |
| अस्पताल संख्या | ७० | ७३ | ४.२९ |
| चिकित्सक संख्या | १३२९ | १४०७ | ५.८७ |
| शैया संख्या | ३५८३ | ३६५३ | १.९५ |

*स्रोत जिल्ला स्वास्थ्य कार्यालयहरु*

## ५.६ परिवर्त्य विदेशी मुद्रा तथा भारतीय मुद्रा खरिद/बिक्री

समीक्षा वर्षमा लुम्बिनी प्रदेश अन्तर्गत नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर र नेपालगञ्ज कार्यालयहरुले गरेको परिवर्त्य विदेशी मुद्रा खरिद गत वर्षको तुलनामा ७८.७४ प्रतिशतले ह्रास भई कुल रु.३५ करोड ७७ लाख पुगेको छ भने रु.१८ करोड ८६ बराबरको परिवर्त्य विदेशी मुद्राको बिक्री भएको छ। त्यसैगरी, समीक्षा वर्षमा भारतीय मुद्रा खरिद रु.२ करोड ९ लाख पुगेको छ भने रु.३८ करोड ७२ लाख भारतीय मुद्रा बिक्री भएको छ (तालिका ५.९) ।

**तालिका ५.९: परिवर्त्य विदेशी मुद्रा तथा भारतीय मुद्रा खरिद/बिक्री (रु.करोडमा)**

| विवरण | आ.व.२०८०/८१ (साउन-असार) | आ.व.२०८१/८२ (साउन-असार) | समीक्षा वर्ष प्रतिशत परिवर्तन |
|---|---|---|---|
| US Dollar खरिद | ११०.५७ | १८.१५ | – ८३.५८ |
| Euro खरिद | १५.९९ | २.६६ | – ८३.३५ |
| अन्य खरिद | ४१.६८ | १४.९५ | – ६४.१३ |
| **जम्मा खरिद** | **१६८.२४** | **३५.७७** | **– ७८.७४** |
| US Dollar बिक्री | ९६.५७ | १४.२७ | – ८५.२२ |
| Euro बिक्री | १२.६६ | १.०२ | – ९१.९४ |
| अन्य बिक्री | २५.०० | ३.५७ | – ८५.७२ |
| **जम्मा बिक्री#** | **१३४.२३** | **१८.८६** | **– ८५.९५** |
| भा.रु. खरिद | ७.८७ | २.०९ | – ७३.४७ |
| भा.रु बिक्री | ८.५६ | ३८.७२ | ३५२.३६ |

*स्रोत : नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर र नेपालगञ्ज कार्यालय*

### ५.७ मनिचेञ्जर तथा विदेशी मुद्रा सटही एजेन्सी

लुम्बिनी प्रदेशमा २०८२ असार मसान्तसम्ममा नेपाल राष्ट्र बैंक सिद्धार्थनगर र नेपालगञ्ज कार्यालयबाट इजाजतपत्र प्राप्त मनिचेञ्जर तथा विदेशी मुद्रा सटही एजेन्सीहरुको सङ्ख्या ७१ पुगेको छ । जसमध्ये, मनिचेञ्जर ५३, होटल/रिसोर्ट १० र ट्राभल एजेन्सी ५ वटा रहेका छन । कुल एजेन्सीहरुमध्ये सबैभन्दा धेरै रुपन्देही जिल्लामा ३४ वटा र सबैभन्दा कम पाल्पा जिल्लामा १ वटा मात्र रहेका छन् (तालिका ५.१०) ।

**तालिका ५.१०: मनिचेञ्जर तथा विदेशी मुद्रा सटही एजेन्सीहरुको विवरण २०८१/८२**

| जिल्ला | मनिचेञ्जर | होटेल/रिसोर्ट | ट्राभल एजेन्सी | ट्रेकिङ्ग | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| नवलपरासी (ब.सु.प.) | १ | | १ | | | २ |
| रुपन्देही | ३४ | ६ | ४ | | १ | ४५ |
| कपिलवस्तु | ९ | | | | | ९ |
| पाल्पा | | १ | | | | १ |
| बाँके | ९ | ३ | | १ | १ | १४ |
| **जम्मा** | **५३** | **१०** | **५** | **१** | **२** | **७१** |

*स्रोत : नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर र नेपालगञ्ज कार्यालय*

### ५.८ सेवा क्षेत्र कर्जा

२०८२ असार मसान्तमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल सेवा क्षेत्र कर्जा २०८१ असार मसान्तको तुलनामा १.२६ प्रतिशतले ह्रास भई रु २ खर्ब २३ अर्ब ९५ करोड २३ लाख कायम भएको छ । २०८१ असार मसान्तमा यस्तो कर्जा अघिल्लो वर्षको तुलनामा २.५७ प्रतिशतले ह्रास भएको थियो । यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जामा सेवा क्षेत्र कर्जाको हिस्सा ३८.७९ प्रतिशत रहेको छ । जिल्लागत रुपमा विश्लेषण गर्दा यस प्रदेशमा कुल सेवा क्षेत्र कर्जामा सबैभन्दा धेरै हिस्सा रुपन्देही जिल्लाको ५३.८० प्रतिशत र सबैभन्दा कम रुकुमपूर्व जिल्लाको ०.१० प्रतिशत रहेको छ (तालिका ५.११) ।

**तालिका ५.११: कुल सेवा कर्जाको जिल्लागत अवस्था (प्रतिशतमा)**

| जल्ला | रकम (रु. करोडमा) | हिस्सा | जिल्ला | रकम (रु.करोडमा) | हिस्सा | जिल्ला | रकम (रु.करोडमा) | हिस्सा |
|---|---|---|---|---|---|---|---|---|
| रुकुमपूर्व | २३३.७० | ०.१० | अर्घाखाँची | ११५६.४५ | ०.५२ | कपिलवस्तु | ९७२१.८४ | ४.३४ |
| रोल्पा | ११६३.७५ | ०.५२ | पाल्पा | ४०३०.०१ | १.८० | दाङ | २३७१४.०९ | १०.५९ |
| प्यूठान | १९६४.३४ | ०.८८ | नवलपरासी (ब.सु.प.) | १३९७३.४१ | ६.२४ | बाँके | ३८५८६.२८ | १७.२३ |
| गुल्मी | २४४०.३९ | १.०९ | रुपन्देही | १२०४७५.७९ | ५३.८० | बर्दिया | ६४९२.२९ | २.९० |
| **जम्मा** | | | | | | | २२३९५२.३४ | १०० |

*स्रोतः नेपाल राष्ट्र बैंक*

### ५.९ सहकारी

अध्ययनमा समावेश सहकारी संस्थाहरुमध्ये समीक्षा वर्षमा नमस्ते बचत तथा ऋण सहकारी संस्था बन्द भएकोले १२ सहकारी संस्थाबाट मात्र तथ्यांक प्राप्त भएको छ । छनौटमा समावेश सहकारी संस्थाहरुको कुल

पुँजी २०८१ असार मसान्तको तुलनामा २०८२ असार मसान्तमा २.४४ प्रतिशतले ह्रास भई रु.२ अर्ब ७२ करोड ६६ लाख पुगेको छ । छनौटमा परेका बचत तथा ऋण सहकारी संस्थाहरुबाट संकलित निक्षेप ६.१६ प्रतिशतले वृद्धि भई रु.१२ अर्ब १९ करोड ३१ लाख कायम भएको छ । उपरोक्त सहकारी संस्थाहरुबाट प्रवाहित कर्जा २०८१ असार मसान्तको तुलनामा २.५० प्रतिशतले वृद्धि भई रु.११ अर्ब ३० करोड २९ लाख पुगेको छ । गत वर्षमा यस्तो कर्जा २.०२ प्रतिशतले वृद्धि भएको थियो । अध्ययनमा समावेश गरिएका सहकारी संस्थाहरुमा समीक्षा वर्षमा सदस्य संख्या ४.०८ प्रतिशतले वृद्धि भई १ लाख १२ हजार ४ सय २३ पुगेका छन् भने कर्मचारी संख्या १.३७ प्रतिशतले वृद्धि भई २ सय ९७ पुगेका छन् (तालिका ५.१२) ।

**तालिका ५.१२: सहकारी सेवा**

| | २०८१ असार मसान्त | २०८२ असार मसान्त | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|
| | | | गत वर्ष | समीक्षा वर्ष |
| कुल पूँजी(रु.दश लाखमा) | २७९४.७१ | २७२६.६२ | २.८० | - २.४४ |
| कुल बचत (रु.दश लाखमा) | ११४८६.०६ | १२१९३.१३ | १०.०४ | ६.१६ |
| कुल ऋण(रु.दश लाखमा) | ११०२७.२१ | ११३०२.९८ | २.०२ | २.५० |
| सदस्य संख्या | १०८०१८ | ११२४२३ | - १.६२ | ४.०८ |
| कर्मचारी संख्या | २९३ | २९७ | - १५.५६ | १.३७ |

*स्रोत: नमूना छनोटमा परेका बचत तथा ऋण सहकारी संस्थाहरु*

## ५.१० सेवा क्षेत्रका चुनौती र सम्भावना

### चुनौती

१. यस प्रदेशमा पर्यटकीय पूर्वाधार निर्माण गर्ने तथा पर्यटन विकासको लागि प्रर्याप्त सुविधा, सूचना र सुरक्षित वातावरण निर्माण गरी गुणस्तरीय सेवा सुविधा उपलब्ध गराई पर्यटकको बसाई अघि लम्ब्याउनुपर्ने देखिएको छ ।

२. यस प्रदेशमा रहेका बचत तथा ऋण सहकारी संस्थाहरूको नियमन, निरीक्षण र सुपरिवेक्षण गर्ने प्रभावकारी निकाय एवम् संयन्त्रको विकास गर्नुपर्ने देखिएको छ ।

३.गौतमबुद्ध अर्न्तराष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा संचालन गर्नुपर्ने देखिएको छ ।

४.कक्षा १२ पछिको उच्च शिक्षा हासिल गर्न युवाहरु विदेश जाने प्रवृत्ति हावी हुँदा शैक्षिक संस्थामा विद्यार्थीहरुको संख्या घट्दै गएको देखिन्छ ।

५. पाल्पा, गुल्मी, स्याङ्जा, पोखरा लगायतका स्थानमा रहेका पर्यटकीय स्थलमा पुग्नका लागि सिद्धार्थ राजमार्ग अन्तर्गत पर्ने सिद्धबाबा सडक खण्ड प्रयोग हुने हुँदा उक्त सडक खण्डलाई मर्मत गरी यात्रा सुरक्षित बनाउन जरुरी देखिएको छ ।

### सम्भावना

१. यस प्रदेशका पहाडी र समथर भू-भागलाई जोड्ने पर्याप्त सडक सञ्जाल निर्माण गर्न सके स्थानीय रुपमा उत्पादित वस्तु तथा सेवालाई बजारीकरण गरी आयआर्जनमा टेवा पुऱ्याउन सकिने सम्भावना रहेको छ ।

२. भैरहवास्थित गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालनमा ल्याउन सकेमा भैरहवा, लुम्बिनी, बुटवल, परासी लगायत आसपासका स्थानहरुमा रहेका होटल व्यवसाय तथा अन्य आर्थिक क्रियाकलाप बढाउन सकिने र  आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढ्न सक्ने सम्भावना रहको छ।

३. यस प्रदेशमा निर्माण भएका क्रिकेट स्टेडियम तथा सम्मेलन केन्द्रहरुमा राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरका खेल तथा सम्मेलनहरु आयोजना गर्न सकिने सम्भावना रहेको छ।

४. बुटवललाई पाल्पासंग जोड्ने सिद्धार्थ राजमार्ग अन्तर्गतको सिद्धबाबा खण्डमा निर्माणधीन सुरुङ मार्गले यात्रालाई छिटो र सुरक्षित बनाउने भएकोले व्यापार तथा पर्यटनमा वृद्धि हुन सक्ने सम्भावना रहेको छ।

## परिच्छेद ६: पूर्वाधार र रोजगारी

यस परिच्छेदमा लुम्बिनी प्रदेश अन्तर्गत पर्ने राष्ट्रिय गौरवका आयोजनाहरुको पृष्ठभूमि, प्रगति विवरण, आयोजनाले पारेका प्रभावहरु एवम् पूर्वाधार क्षेत्रका चुनौती तथा सम्भावनाहरु समावेश गरिएको छ । साथै, लुम्बिनी प्रदेशमा प्रधानमन्त्री रोजगार कार्यक्रमको कार्यान्वयन अवस्था एवम् रोजगारीका चुनौती तथा सम्भावनाहरु समावेश गरिएको छ ।

### ६.१ पूर्वाधार क्षेत्र

लुम्बिनी प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालयबाट हालसम्म प्रदेशको सडक पूर्वाधार अन्तर्गत भएका उपलब्धिहरु तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ६.१: सडक पूर्वाधारको भौतिक प्रगति**

| विवरण | एकाई | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| नयाँ ट्रयाक | कि.मी | ९९ | १२१ | ९१ | ९४.२ | १२५.२ | ५३०.४ |
| ग्राभेल सडक | कि.मी | २७० | २६५ | २७१ | २०९.७ | १७६.३ | १०३०.२९ |
| कालोपत्रे सडक | कि.मी | १९४ | २०२ | २३१ | १५०.४ | १७६ | ९५३.४ |
| आवधिक निर्माण (सडक विस्तार चौडा गर्ने काम) | कि.मी | ३१६ | २७५ | १८५ | १५५.१ | १६३.७ | १०९४.८ |
| मोटरेवल पुल | वटा | १७ | ४० | २९ | ३९ | ४० | १६५ |

*स्रोत : भौतिक पूर्वाधार विकास मन्त्रालय, लुम्बिनी प्रदेश सरकार*

**(क) नारायणघाट बुटवल सडक योजना (पश्चिम खण्ड)**

नवलपरासी (ब.सु.प.) जिल्लाको दाउन्नेदेखि रुपन्देही जिल्लाको बुटवलसम्म पर्ने नारायणघाट बुटवल सडक योजना (पश्चिम खण्ड) को कुल लम्बाई ४८.५३५ किलोमिटर रहेको छ । यस सडक खण्डमा पर्ने बजार/बस्ती क्षेत्र (११.४४५ कि.मि.)मा ६ लेन, जंगल/ग्रामीण क्षेत्र (२७.१९ कि.मि.)मा ४ लेन र दाउन्ने क्षेत्र (९.९ कि.मि.)मा ३ लेनमा विस्तार गर्नुका साथै ९ वटा ठूला पुलहरु, ३८ वटा (दायाँ-बायाँ सहित) साना पुलहरु र २५६ वटा कल्भर्टहरुको निर्माण गर्ने योजना रहेको छ । २०७५ माघ २४ मा शुरु भएको उक्त आयोजना चौथों पटक म्याद थप गरी २०८३ श्रावण ५ गतेसम्म गर्ने लक्ष्य रहेको छ । शुरु लागत रु.७,८६,३४,०१,२१६/५४ (भ्याट सहित) रहेको यस योजनाको संशोधित लागत रु.७,८६,३२,५२,७६८/४४ (भ्याट सहित) रहेको छ । २०८२ असार मसान्तसम्म आयोजनाको भौतिक प्रगति ६९.०३ प्रतिशत र वित्तीय प्रगति ६५.३४ प्रतिशत रहेको छ । यस योजनाले कुल ३४३ जना स्वदेशी (२५ महिला र ३१८ पुरुष) तथा १६ जना विदेशी नागरिकलाई रोजगारी प्रदान गरेको छ । यस योजनाको सम्पन्न पश्चात बुटवलदेखि दुम्कीबास (करिव ५० कि.मि.)सम्मको यात्रा १ घण्टामा पूरा हुनेछ ।

*स्रोत : नारायणघाट बुटवल सडक योजना*

**(ख) सिद्धबाबा सुरुङ मार्ग योजना**

रुपन्देही र पाल्पा जिल्लामा अवस्थित सिद्धबाबा सुरुङ मार्ग योजनाको निर्माण कार्यका लागि Engineering Procurement and Construction (EPC) Modality मा निर्माण व्यवसायी श्री China State Construction

Engineering Co. Ltd., China सँग ठेक्का सम्झौता भएको छ । यो योजनाको ठेक्का सम्झौता रकम भ्याट र पिएस सहित रु.७ अर्ब ३४ करोड २१ लाख ४ हजार ७३४.१४ रहेको छ । यस योजना अन्तर्गत ११२६ मि. लामो सुरुङ मार्गको निर्माण तथा २३९८ मि. लामो सडक फराकिलो गरी सुधार गरिने ठेक्का सम्झौता भएको छ । मिति २०७८/११/२५ गते ठेक्का सम्झौता सम्पन्न भएको यस योजनालाई दुई फेजमा विभाजन गरिएको छ । पहिलो फेज Engineering, Procurement and Construction सम्बन्धी कार्य जम्मा १८२५ क्यालेन्डर दिन र Warrenty, Operation and Maintenance कार्य जम्मा १८२५ क्यालेन्डर दिनमा सम्पन्न गरेपश्चात् नेपाल सरकारलाई हस्तान्तरण गर्ने तथा हस्तान्तरण पश्चात् Latent Defects Liability Period १० वर्ष हुने ठेक्कामा उल्लेख गरेको छ । २०८२ असार मसान्तसम्ममा यस योजनाको भौतिक प्रगति ५७.५१ प्रतिशत र वित्तीय प्रगति ५१.१० प्रतिशत रहेको छ । यस योजनाले २०२ जना स्वदेशी (३ महिला र १९९ पुरुष) तथा ३९ जना विदेशी नागरिकलाई रोजगारी प्रदान गरेको छ । नेपालमा पहिलोपटक पूर्णरुपमा नेपाल सरकारको लगानीमा वातावरणीय अध्ययन गरी निर्माण हुन लागेको यस सुरुङ मार्ग निर्माण सम्पन्न भए पश्चात बुटवल-पाल्पा सडक खण्डको यात्रा खतरा मुक्त हुनुका साथै सुरुङ मार्ग हेर्न आउने पर्यटकको सङ्ख्या बढ्ने देखिन्छ जसले गर्दा बुटवल र पाल्पा जिल्लालाई Tourist hub को रुपमा स्थापित गर्न सहयोग पुग्ने देखिन्छ ।

*स्रोत : सिद्धबाबा सुरुङ मार्ग योजना*

### (ग) कालिगण्डकी कोरिडोर (गैंडाकोट-राम्दी-मालढुङ्गा) सडक योजना

राष्ट्रिय गौरवको आयोजना कालिगण्डकी कोरिडोर नेपालको उत्तर-दक्षिण जोड्ने महत्वपूर्ण सडकको रुपमा रहेको छ । कालिगण्डकी कोरिडोर नवलपरासी (बर्दघाट-सुस्ता पूर्व) जिल्लाको गैंडाकोटदेखि मुस्ताङ्ग जिल्लाको कोरला नाकासम्म कालिगण्डकी नदीको किनारबाट निर्माण भइरहेको River Allignment हो । यसको लम्बाई करिव ४४४ कि.मि. रहेको छ । नेपाल सरकारबाट यसको निर्माण व्यवस्थापनका लागि दुईवटा कार्यालय जस अन्तर्गत गैंडाकोट-राम्दी-मालढुङ्गा सडक खण्ड, पाल्पा र मालढुङ्गा-बेनी-जोमसोम-कोरला सडक खण्ड, जोमसोम स्थापना गरी निर्माण कार्य भइरहेको छ । कालिगण्डकी कोरिडोर (गैंडाकोट-राम्दी-मालढुङ्गा) सडक योजना आ.व. २०६७/६८ मा शुरु भई आ.व. २०७९/८० सम्पन्न गर्ने लक्ष्य लिईएकोमा योजना विभिन्न कारणले सम्पन्न हुन नसकेको कारण योजनाको सम्पन्न गर्ने वर्ष आ.व. २०८३/८४ सम्मको लागि संशोधन प्रस्ताव पेश भएको छ । यस योजनाको लक्ष्य २९३ कि.मि. कालोपत्रे सडक तथा ५९ वटा पुल निर्माण गर्ने रहेको छ । योजनाको कुल अनुमानित लागत २० अर्ब रहेको छ । २०८२ असार मसान्तसम्म योजनाको समग्र भौतिक प्रगति ७९ प्रतिशत र वित्तीय प्रगति ७०.३५ प्रतिशत रहेको छ । यस योजनाले कुल ११८५ जना (३५ महिला र ११५० पुरुष) स्वदेशी नागरिकलाई रोजगारी प्रदान गरेको छ ।

*स्रोत : कालिगण्डकी कोरिडोर (गैंडाकोट-राम्दी-मालढुङ्गा) सडक योजना*

### (घ) बबई सिँचाइ आयोजना

लुम्बिनी प्रदेशको बर्दिया जिल्लाको करिव ३६,००० हेक्टर कृषि योग्य क्षेत्रफलमा बाह्रै महिना सिँचाइ सुविधा पुऱ्याउने उद्देश्यका साथ निर्माणाधीन बबई सिँचाइ आयोजनाको मुख्य स्थान बारबर्दिया-१०, बर्दियामा रहेको छ । यस आयोजनाले लुम्बिनी प्रदेशको बर्दिया जिल्लाका बारबर्दिया नगरपालिका, बाँसगढी नगरपालिका, गुलरिया नगरपालिका, ठाकुरबाबा नगरपालिका, मधुवन नगरपालिका र बढैयाताल गाउँपालिकामा प्रभाव पारेको छ । आर्थिक वर्ष २०४५/४६ मा शुरु गरिएको यस आयोजना आर्थिक वर्ष २०८४/८५ मा सम्पन्न हुने लक्ष्य रहेको छ । यस आयोजनाको लागत रु. १८ अर्ब ९६ करोड ३० लाख ४४ हजार रहेको छ । हालसम्म भौतिक प्रगति ८२.२७ प्रतिशत र वित्तीय प्रगति ८१.५८ प्रतिशत रहेको यस आयोजनामा कुल ४९० जना स्वदेशी (१४० महिला र ३५० पुरुष) नागरिकले रोजगारी प्राप्त गरेका छन् ।

*स्रोत : बबई सिँचाइ आयोजना*

### (ङ) सिक्टा सिँचाइ आयोजना

यो सिँचाइ आयोजना लुम्बिनी प्रदेशको बाँके जिल्लामा अवस्थित छ । बाँकेको अगैयामा राप्ती नदीमा बाँध निर्माण गरी उक्त जिल्लाका हालका राप्तीपश्चिम रहेका ६ वटा गाउँपालिका, कोहलपुर नगरपालिका र नेपालगञ्ज उपमहानगरपालिका र राप्ती पूर्वतर्फ रहेको राजकुलो सिँचाइ योजनासमेतबाट गरी यस आयोजनाबाट कुल भूमिमा सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्य रहेको छ । आर्थिक वर्ष २०४५/४६ मा शुरु गरिएको यस आयोजना आर्थिक वर्ष २०८९/९० मा सम्पन्न हुने लक्ष्य रहेको छ । यस आयोजनाको लागत रु. ५२ अर्ब ८९ करोड रहेको छ । हालसम्म भौतिक प्रगति ४४.२३ प्रतिशत र वित्तीय प्रगति ४३.३३ प्रतिशत रहेको यस आयोजनामा कुल ११० जना स्वदेशी (१२ महिला र ९८ पुरुष) नागरिकले रोजगारी प्राप्त गरेका छन् ।
*स्रोत : सिक्टा सिँचाइ आयोजना*

## ६.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना

### ६.२.१. चुनौती

१. सीमित लगानी तथा विभिन्न निकायहरुबीच प्रभावकारी समन्वयको अभावका कारण आयोजनाहरु निर्धारित समय र लागतमा सम्पन्न गर्नु चुनौतीपूर्ण छ ।
२. जग्गाको अधिग्रहण तथा मुआब्जा वितरण प्रक्रिया सरलीकृत गरी पूर्वाधार निर्माणको लागत घटाउनु चुनौतीपूर्ण छ ।
३. पूर्वाधारहरुको आवश्यकता र आपूर्तिबीच तालमेल कायम गरी निर्मित भौतिक पूर्वाधारको गुणस्तर अभिवृद्धि गर्नु चुनौतीपूर्ण छ ।
४. व्यवस्थित शहरीकरण, एकीकृत बस्ती विकास, जोखिमयुक्त बस्ती स्थानान्तरण तथा सुकुम्बासी बस्तीको व्यवस्थापन गर्नु चुनौतीपूर्ण छ ।
५. प्राकृतिक प्रकोप एवम् जलवायु परिवर्तनको अनुकूलतालाई समेत ध्यानमा राखी भौतिक पूर्वाधारका संरचना निर्माण गर्नु चुनौतीपूर्ण छ ।

### ६.२.२. सम्भावना

१. जनसाङ्ख्यिक लाभको उपयोग गर्दै बेरोजगार युवाहरुलाई पूर्वाधार विकासको काममा लगाउने सम्भावना रहेको छ ।
२. कर्णाली नदीमा जल यातायातको विकास गरी प्रदेशमा पर्यटकीय जलयात्राको उच्च सम्भावना रहेको छ ।
३. नयाँ नगर विकासको प्रारम्भिक चरणमा रहेकोले आधुनिक पूर्वाधार, मौलिक पहिचान सहित योजनाबद्ध विकास गर्न सकिने सम्भावना रहेको छ ।
४. जलविद्युत उत्पादनको लागि उपयुक्त भौगोलिक अवस्था र जलस्रोतको उपलब्धता रहनु ।
५. यस प्रदेशभित्र राष्ट्रिय गौरवका तीन वटा सिँचाइ आयोजनाहरु कार्यान्वयनमा रहेकाले नयाँ प्रविधि एवम् जल व्यवस्थापन मार्फत सिँचाइ सुविधा विस्तार गरी कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउन सकिने सम्भावना रहेको छ ।

## ६.३ रोजगारी

### ६.३.१ प्रधानमन्त्री रोजगार कार्यक्रम

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, काठमाडौंबाट प्राप्त तथ्याङ्क अनुसार लुम्बिनी प्रदेशमा आर्थिक वर्ष २०८१/८२ को वार्षिक (साउन-असार) वर्षमा ८३ हजार १ सय २० जना सूचीकृत बेरोजगार रहेका

छन् । जसमध्ये महिला ५५ हजार ८ सय ८५ जना र पुरुष २७ हजार २ सय ३५ जना रहेका छन् । यस वर्षमा कुल सूचीकृत बेरोजगार मध्येबाट ७,२२० जनालाई यस कार्यक्रम अन्तर्गत कुल ५,३३,७४९ दिनको रोजगारी प्रदान गरिएको छ । यस वर्षमा १,५१४ आयोजनाहरु सञ्चालनमा रहेका छन् । जिल्लागतरुपमा विश्लेषण गर्दा समीक्षा वर्षमा सूचीकृत बेरोजगार युवाहरुको सङ्ख्या सबैभन्दा बढी बर्दिया जिल्लामा १६ हजार ८ सय ४५ जना रहेको छ भने सबैभन्दा कम नवलपरासी (ब.सु.प.) जिल्लामा २ हजार १ सय ७ जना रहेको छ (तालिका ६.२) ।

**तालिका ६.२: आ.व. २०८१/८२ को वार्षिक जिल्लागत रोजगारी**

| जिल्ला | सूचीकृत बेरोजगार सङ्ख्या | रोजगारीमा संलग्न व्यक्ति | कुल रोजगारी दिन | आयोजना संख्या |
|---|---|---|---|---|
| रुकुमपूर्व | ४४४२ | २१७ | १८९०४ | ४६ |
| रोल्पा | ९९४५ | ७३६ | ६४८५५ | २१४ |
| प्यूठान | ८५९५ | ६३७ | ५६३८३ | १३३ |
| गुल्मी | १०६८५ | ८३५ | ६५०८५ | २७० |
| अर्घाखाँची | ५६३४ | ४२३ | ३४४६५ | १३४ |
| पाल्पा | ५४१४ | ६६९ | ५७५६४ | १३४ |
| नवलपरासी (ब.सु.प.) | २१०७ | ४११ | २९१५९ | ६७ |
| रुपन्देही | ४९२० | ७८८ | ५२९२३ | १५१ |
| कपिलवस्तु | ४८३६ | ५८० | ३१५८७ | १०० |
| दाङ | ६१८४ | ७६२ | ५६७३९ | १०७ |
| बाँके | ३५१३ | ४९३ | २९३०५ | ६१ |
| बर्दिया | १६८४५ | ६६९ | ३६७८० | ९७ |
| **जम्मा** | **८३,१२०** | **७,२२०** | **५,३३,७४९** | **१,५१४** |

## ६.४ रोजगारी क्षेत्रका चुनौती र सम्भावना

### ६.४.१. चुनौती

१. आन्तरिक रोजगारीका सीमित अवसरका कारण वैदेशिक रोजगारीका लागि युवा जनशक्ति पलायन रोक्नु चुनौतीपूर्ण छ ।

२. आन्तरिक रोजगारी सिर्जनामा संघ, प्रदेश र स्थानीय तहकाबीच सघन सहकार्यको विकास गर्नु चुनौतीपूर्ण छ ।

३. प्रधानमन्त्री रोजगार कार्यक्रम, युवा स्वरोजगार कार्यक्रम जस्ता लक्षित कार्यक्रमहरु प्रदेश र स्थानीय रोजगार कार्यक्रमहरुमा अन्तर-आवद्धता कायम गर्दै रोजगारी प्रदान गर्न चुनौतीपूर्ण छ ।

४. युवालाई नेपालमै काम गर्ने वातावरण सिर्जना गरी श्रम र श्रमिकको सम्मान गर्ने संस्कारको विकास गर्नु चुनौतीपूर्ण छ ।

५. वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित, व्यवस्थित र उच्च प्रतिफलयुक्त बनाउनु चुनौतीपूर्ण छ ।

### ६.४.२. सम्भावना

१. अन द जव, एपरेन्टसीप, Start Up Business जस्ता कार्यक्रमको शुरुवात भएको हुँदा रोजगारी विस्तार हुने सम्भावना रहेको छ ।

२. वैदेशिक रोजगारमा गई प्राविधिक सीप सिकी आएका जनशक्तिलाई उद्यमशीलताका लागि ऋण सुविधा उपलब्ध गराउने नीतिगत व्यवस्थाले रोजगारी विस्तार हुने सम्भावना रहेको छ ।
३. गुणस्तरीय, प्राविधिक र व्यावसायिक शिक्षाका लागि सरकारी र निजी लगानी वृद्धि हुँदै जानु र सीपमूलक र प्राविधिक शिक्षा प्रतिको आकर्षणमा वृद्धि हुँदै जानुले दक्ष जनशक्ति उत्पादनको सम्भावना रहेको छ ।
४. सूचना प्रविधिमा निजी क्षेत्रको लगानी वृद्धि हुँदै जानु, यस क्षेत्रमा काम गर्ने युवा आकर्षित भएकाले थप रोजगारीका अवसर सिर्जना हुने सम्भावना रहेको छ ।
५. प्रदेश समृद्धिमा "नागरिकको योगदान, महिनाको एकदिन श्रमदान" भन्ने उक्तिलाई आत्मसाथ गर्दै श्रमको सम्मान गर्ने सँस्कृति विकासका लागि कार्यक्रम सञ्चालनले श्रमिकको सम्मान गर्ने संस्कारको विकास हुने सम्भावन रहेको छ ।
६. भैरहवा विशेष आर्थिक क्षेत्रको थप विकास गर्ने सरकारको नीति हुनु, थप उद्योगहरु स्थापनाका लागि दर्ता हुनु, विद्युतको सहज आपूर्तिका लागि सवस्टेशन समेत निर्माण कार्य भईरहनु जस्ता कारण यस प्रदेशमा थप रोजगारी बढ्ने सम्भावना रहेको छ ।
७. भैरहवा विशेष आर्थिक क्षेत्रको थप विकास गर्ने सरकारको नीति हुनु, थप उद्योगहरु स्थापनाका लागि दर्ता हुनु, विद्युतको सहज आपूर्तिका लागि सवस्टेशन समेत निर्माण कार्य भईरहनु जस्ता कारण यस प्रदेशमा थप रोजगारी बढ्ने सम्भावना रहेको छ ।

# परिच्छेद ७: प्रादेशिक कार्यक्रम तथा योजना

## ७.१ कार्यक्रम तथा परियोजनाको कार्यान्वयन

### ७.१.१ लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को बजेट

लुम्बिनी प्रदेश सरकारले "समृद्ध लुम्बिनीः आत्मनिर्भर प्रदेश" को सपना साकार पार्ने उद्देश्यले जारी गरेको आर्थिक वर्ष २०८१/८२ को बजेटका मुख्यतयाः ६ वटा उद्देश्यहरु रहेका छन्:

१. प्रदेशको समग्र आर्थिक क्षेत्रलाई चलायमान बनाउँदै उच्च, दिगो एवम् फराकिलो आर्थिक वृद्धि सहितको आर्थिक स्थायित्व कायम गर्दै आर्थिक विकासमा जोड दिने,

२. गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा सहज पहुँचमार्फत मानव विकासमा जोड दिने,

३. भौतिक पूर्वाधारको परिमाण र गुणस्तर अभिवृद्धि गर्दै समृद्धिका सम्भाव्य क्षेत्रहरु पहिचान गर्ने,

४. स्थानीय श्रम, सीप र उद्यमशीलता प्रवर्द्धन गर्दै व्यावसायिक कृषि, स्वरोजगारमूलक उद्योग र प्रतिस्पर्धात्मक व्यापारको विकासबाट आत्मनिर्भरतातर्फ उन्मुख गराउने,

५. पर्यटन क्षेत्रको प्रवर्द्धन गरी प्रदेशभरि रोजगारीका अवसरहरु सिर्जना गर्ने,

६. सन्तुलित विकासको अवधारणाका आधारमा ग्रामीण क्षेत्रको सर्वाङ्गीण विकासलाई प्राथमिकता दिँदै क्षेत्रीय असन्तुलन घटाउने ।

बजेटका उद्देश्यहरु हासिल गर्न प्रदेश सरकारले रु.३८ अर्ब ९७ करोडको अनुमानित बजेट पेश गरेको छ जुन गत वर्षको तुलनामा ३.७१ प्रतिशतले कम हो । कुल विनियोजनमध्ये चालु खर्चतर्फ रु.११ अर्ब २४ करोड २७ लाख ( २८.८७ प्रतिशत), पुँजीगत खर्चतर्फ रु.२४ अर्ब ५८ करोड ५९ लाख (६३.०९ प्रतिशत) र वित्तीय हस्तान्तरणतर्फ रु.३ अर्ब १४ करोड १३ लाख (८.०६ प्रतिशत) रहेको छ ।

चालु वर्षमा खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्वबाट रु.७ अर्ब ५१ करोड २१ लाख, संघबाट प्राप्त हुने राजस्व बाँडफाँडबाट रु.१२ अर्ब १ करोड ५० लाख, संघबाट प्राप्त हुने रोयल्टी रु.५० करोड १७ लाख, स्थानीय तहबाट बाँडफाँड भई प्राप्त हुने राजस्व रु.२ अर्ब ९२ करोड १९ लाख हुने अनुमान रहेको छ । त्यसैगरी, संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट रु.८ अर्ब २८ करोड ६४ लाख, सःशर्त अनुदानबाट रु.४ अर्ब १९ करोड ३३ लाख, समपूरक अनुदानबाट रु.७९ करोड ५० लाख, विशेष अनुदानबाट रु.७४ करोड ४६ लाख एवम् आर्थिक वर्ष २०८०/८१ को नगद मौज्दातबाट रु.२ अर्ब परिचालन हुने अनुमान रहेको छ ।

### ७.१.२ लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वयन स्थिति

आर्थिक वर्ष २०८१/८२ का लागि लुम्बिनी प्रदेश सरकारले कुल बजेट रु.३८ अर्ब ९७ करोड विनियोजन गरेकोमा प्रदेश लेखा नियन्त्रण कार्यालयका अनुसार २०८२ असार मसान्तसम्ममा विनियोजनको ७१.५७ प्रतिशत अर्थात् रु.२७ अर्ब ८९ करोड १० लाख खर्च भएको छ । गत आर्थिक वर्षमा प्रदेशको कुल खर्च विनियोजित बजेटको ६५.२ प्रतिशत रहेको  थियो (तालिका ७.१) ।

**तालिका ७.१: लुम्बिनी प्रदेश सरकारको वित्त स्थिति (रु. दश लाखमा)**

| शीर्षक | उप-शीर्षक | आ.व.२०८०/८१ (साउन-पुस) | आ.व.२०८१/८२ (साउन-पुस) | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| खर्च | चालु | १०४१८.९२ | ९९८५.८७ | – ४.१६ |
| | पुँजीगत | १६०१७.७७ | १७९०५.१५ | ११.७८ |
| | वित्तीय | ०.०० | ०.०० | ०.०० |
| | **जम्मा** | **२६४३६.६९** | **२७८९१.०३** | ५.५० |
| राजस्व | कर | ११८२८.१० | १३९८७.०७ | १८.२५ |
| | गैरकर | १८४८.२० | २३८३.११ | २८.९४ |
| | अन्य | ३५३.९३ | २१०.१८ | – ४०.६१ |
| | **जम्मा** | **१४०३०.२३** | **१६५८०.३६** | १८.१८ |
| अनुदान तथा हस्तान्तरण | समानीकरण | ६०३८.७१ | ७६०३.६० | २५.९१ |
| | समपूरक | २२६.७१ | ३३७.९३ | – ५९.७७ |
| | विशेष | ५३३.०० | ३३१.२६ | – ४०.८५ |
| | सशर्त | ३८९४.१४ | २७३४.९७ | – ४१.६२ |
| ऋण | आन्तरिक | ०.०० | ०.०० | ०.०० |
| | बाह्य | ०.०० | ०.०० | ०.०० |

*स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय, लुम्बिनी प्रदेश*

आर्थिक वर्ष २०८१/८२ मा आन्तरिक स्रोत र राजश्व बाँडफाँडबाट गरी कुल रु.२२ अर्ब ९५ करोड ७ लाख राजश्व परिचालन हुने अनुमान गरेकोमा गत वर्षको तुलनामा ५.५० प्रतिशतले वृद्धि भई २०८२ असार मसान्तसम्ममा रु. १६ अर्ब ५८ करोड ३ लाख राजश्व परिचालन भएको छ, जुन कुल लक्षित राजश्वको ७२.२४ प्रतिशत मात्र हो । यसैगरी, आर्थिक वर्ष २०८१/८२ मा प्रदेश सरकारले संघीय सरकारबाट समानीकरण, समपूरक, विशेष र सशर्त गरी कुल रु. १४ अर्ब ०१ करोड ९३ लाख अनुदान प्राप्त गर्ने अनुमान गरेकोमा २०८२ असार मसान्तसम्ममा कुल रु.११ अर्ब ७७ लाख अनुदान प्राप्त गरेको छ जुन लक्षित अनुदानको ७८.५२ प्रतिशत हो (**तालिका ७.१**) ।

## ७.२ स्थानीय तहको बजेटको प्रगति अवस्था

### खर्च

लुम्बिनी प्रदेशका १०९ वटा स्थानीय तहहरुमध्ये छनौटमा परेका ३ उप-महानगरपालिका र १ नगरपालिकाको समीक्षा वर्षमा एकीकृत कुल खर्च रु.५ अर्ब ६६ करोड ९० लाख रहेको छ । स्थानीय तहगत विश्लेषण गर्दा समीक्षा वर्षमा कुल अनुमानित खर्चको सबैभन्दा धेरै सिद्धार्थनगर नगरपालिकाले ८४.८१ प्रतिशत र सबैभन्दा कम तुलसीपुर उप-महानगरपालिकाले ७४.४० प्रतिशत खर्च गरेका छन् (तालिका ७.२) ।

### राजस्व

छनौटमा परेका स्थानीय तहहरुमा समीक्षा वर्षमा कुल रु.१ अर्ब ९९ करोड ९५ लाख राजस्व संकलन भएको छ । कुल राजस्व संकलनको स्थानीय तहगत विश्लेषण गर्दा समीक्षा वर्षमा स्थानीय तहहरुले कुल अनुमानित राजस्वको ८१.८० प्रतिशत संकलन गरेका छन् जसमध्ये सबैभन्दा धेरै नेपालगञ्ज उप-महानगरपालिकाले १०० प्रतिशत र सबैभन्दा कम तुलसीपुर उप-महानगरपालिकाले ६९.६७ प्रतिशत राजस्व संकलन गरेको छ (तालिका ७.२) ।

**तालिका ७.२: स्थानीय तहहरुको खर्च र राजस्वको स्थिति (रु.दश लाखमा)**

| स्थानीय तह | अनुमानित खर्च २०८२ असार मसान्त | वास्तविक खर्च २०८२ असार मसान्त | वास्तविक खर्च (प्रतिशत) | अनुमानित राजस्व २०८२ असार मसान्त | वास्तविक राजस्व २०८२ असार मसान्त | राजस्व संकलन (प्रतिशत) |
|---|---|---|---|---|---|---|
| सिद्धार्थनगर नगरपालिका | १०४२.५५ | ८८१.०५ | ८४.५१ | २४९.५० | १९१.५८ | ७६.७९ |
| तुल्सीपुर उप-महानगरपालिका | २०७४.९६ | १५४३.७५ | ७४.४० | ३००.३२ | २०९.२४ | ६९.६७ |
| घोराही उप-महानगरपालिका | २३४४.९३ | १८१६.२२ | ७७.४५ | १११११.०० | ८१५.०० | ७३.३६ |
| नेपालगञ्ज उप-महानगरपालिका | १७६७.९३ | १४२७.९८ | ८०.७७ | ७८३.७६ | ७८३.७७ | १००.०० |
| **कुल खर्च रकम** | **७२३०.३७** | **५६६९.००** | **७८.४१** | **२४४४.५८** | **१९९९.५९** | **८१.८०** |

*स्रोतः छनौटमा परेका स्थानीय तहहरु*

### अनुदान तथा हस्तान्तरण

छनौटमा परेका स्थानीय तहहरुको समीक्षा वर्षमा कुल अनुदान तथा हस्तान्तरण रकम गत वर्षको सोही वर्षको तुलनामा २.५६ प्रतिशतले वृद्धि भई रु.३ अर्ब ४३ करोड ७० लाख रहेको छ । कुल अनुदान तथा हस्तान्तरण अन्तर्गत समानीकरण अनुदान र सःशर्त अनुदानमा क्रमशः ०.९४ प्रतिशत र ४.७८ प्रतिशतले वृद्धि भएको छ भने समपूरक अनुदान र विशेष अनुदानमा क्रमशः ११.१२ प्रतिशत, ४२.२७ प्रतिशतले ह्रास भएको छ (तालिका ७.३) ।

**तालिका ७.३: स्थानीय तहहरुको एकीकृत अनुदान तथा हस्तान्तरण (रु.दश लाखमा)**

| उप-शीर्षक | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| समानीकरण | १०२५.०९ | १०३४.७८ | ०.९४ |
| समपूरक | ६७.५४ | ६०.०३ | – ११.१२ |
| विशेष | ४७.२९ | २७.३० | – ४२.२७ |
| सशर्त | २२०९.३८ | २३१४.८९ | ४.७८ |
| अन्य | १.९७ | ०.०० | ०.०० |
| **कुल अनुदान तथा हस्तान्तरण** | ३३५१.२७ | ३४३७.०० | २.५६ |

*स्रोतः छनौटमा परेका स्थानीय तहहरु*

## परिच्छेद ८: आर्थिक परिदृष्य

यस परिच्छेदमा लुम्बिनी प्रदेशका विभिन्न जिल्लामा अवस्थित सरकारी कार्यालय, उद्योग, सहकारी, होटल लगायत तथ्याङ्कप्रदायक संस्थाहरुबाट प्राप्त तथ्याङ्क तथा जानकारीको आधारमा आगामी आर्थिक वर्षका लागि कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रहरुमा देहायको आर्थिक परिदृश्य प्रस्तुत गरिएको छ ।

### ८.१ कृषि उत्पादन

तथ्याङ्कप्रदायक संस्थाहरु तथा अन्य निकायबाट प्राप्त जानकारीका आधारमा आगामी आ.व.२०८२/८३ मा कृषि क्षेत्रको उत्पादनमा सामान्य बृद्धि हुने अनुमान गरिएको छ । नेपाल सरकार तथा लुम्बिनी प्रदेश सरकारको विभिन्न नीति तथा कार्यक्रममा कृषि क्षेत्रको उत्पादन बृद्धि गर्न विभिन्न परियोजनाहरु सञ्चालन भईरहेकोले खाद्य बाली, माछामासु, फलफूल तथा दुग्धजन्य उत्पादनमा सामान्य बृद्धि हुने अपेक्षा रहेकोमा धानबाली रोप्ने समयमा खडेरी परेको तथा काट्ने समयमा पानी परेको हुनाले धानबालीको उत्पादनमा असर पर्ने देखिन्छ । साथै पहाडी क्षेत्रबाट भएको बसाइसराइ तथा रोजगारीको लागि युवा पलायनको कारण कृषि उत्पादन प्रभावित हुने चुनौती यथावत रहेको छ ।

### ८.२ औद्योगिक उत्पादन

२०८२ भदौ महिनामा भएको जेन्जी आन्दोलन तथा त्यसपछिका अन्य राजनीतिक घटनाहरुको कारण उद्योगी व्यवसायीको मनोबल कमजोर भएतापनि नवगठित सरकारबाट भएका सकारात्मक पहलकदमी तथा बैंक तथा वित्तीय संस्थामा रहेको पर्याप्त तरलता, कर्जाको न्यून ब्याजदरको कारणले उद्योग क्षेत्रको उत्पादनमा सामान्य बृद्धि हुने देखिन्छ । भैरहवामा सञ्चालित विशेष आर्थिक क्षेत्र (SEZ) मा उद्योगहरु सञ्चालनमा आएको, रुपन्देहीको मोतिपुर, दाङको लक्ष्मीपुर र बाँकेको नौवस्ता औद्योगिक क्षेत्र निर्माणको चरणमा रहेको हुनाले आगामी वर्षहरुमा थप उद्योगहरु स्थापना भई औद्योगिक उत्पादन बढ्ने तथा थप रोजगारी समेत सृजना हुने देखिन्छ ।

### ८.३ सेवा क्षेत्र

नीजि क्षेत्र तथा बैंक तथा वित्तीय संस्थाहरुबाट होटल व्यवसायहरुमा लगानी बृद्धि भएको, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको संचालन क्षमता बृद्धि गर्न सरकारले आवश्यक तयारी गरेको, आन्तरिक तथा बाह्य पर्यटकको गतिविधिमा बृद्धि भईरहेको जस्ता कारणले गर्दा सेवा क्षेत्र थप विस्तार हुने अनुमान रहेको छ । विद्युतीय सवरीसाधन आयातमा नीतिगत सहजता भएको कारण यातायात क्षेत्र थप विस्तार र सुलभ हुने अनुमान रहेको छ ।

### ८.४ पूर्वाधार क्षेत्र

लुम्बिनी प्रदेशमा निर्माणाधीन प्रदेशका प्रमुख आयोजनाको रुपमा रहेको सिक्टा सिँचाई आयोजना, बबई सिँचाई आयोजना, लुम्बिनी प्रादेशिक अस्पताल, दाङ देउखुरीमा लुम्बिनी प्रदेश सरकारको संरचना आदिको निर्माण कार्य प्राथमिकताका साथ अघि बढेको हुँदा पूर्वाधारको क्षेत्रमा सकारात्मक प्रभाव पर्ने अनुमान छ । नारायणघाट-बुटवल सडक, बुटवल-चन्दौटा सडक , सिद्धबाबा सुरुङ मार्ग, सिद्धार्थ राजमार्ग, मदन भण्डारी राजमार्ग, हुलाकी मार्ग, कालिगण्डकी कोरिडोर निर्माण तथा स्तरोन्नती हुने क्रममा रहेकाले सुलभ र सहज यातायात सेवाको पहुँच अभिवृद्धि हुने देखिन्छ । साथै, सिद्धार्थ केबलकार, लुम्बिनी केबलकार जस्ता पूर्वाधारले यस क्षेत्रमा पर्यटन तथा व्यापार क्षेत्रको विस्तार भई रोजगारी सिर्जनामा थप टेवा पुग्ने देखिन्छ ।